का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ४२

❐ ३० फागुन २०७६, शुक्रबार

❐ 13 March 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## कालापानीबारे संकल्प प्रस्ताव

# कार्यसूचीबाटै गायब

**देशको सीमासँग सम्बन्धित महत्वपूर्ण संकल्प प्रस्ताव प्रतिनिधिसभाको कार्यसूचीबाट पटकपटक हटाइएको छ । यसले लिम्पियाधुराजस्तो विषयमा सरकार संवेदनहीन बन्दै गएको बात् लाग्ने खतरा बढ्दै गएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

नेपाली भूमि कालापानीबाट भारतीय सेनालाई फिर्ता पठाउने संकल्प प्रस्ताव प्रतिनिधिसभाको कार्यसूचीबाट हट्दै आएको छ । संसद्मा प्रस्ताव दर्ता भए पनि अहिलेसम्म छलफल हुन सकेको छैन । बिहीबारको प्रतिनिधिसभाको बैठकमा उक्त प्रस्ताव कार्यसूचीबाट हटाइएको थियो । यसअघिको संसद् बैठकको कार्यसूचीमा रहेर पनि छलफल हुन सकेको थिएन । बिहीबारको संसद् बैठकमा सो संकल्प प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची रहेको बताइए पनि अघिल्लो कार्यसूचीमा रहेको सो प्रस्ताव बिहीबारको कार्यसूचीमा पनि अटाएन । गत शुक्रबारको कार्यसूचीमा रहे पनि बैठकमा संकल्प प्रस्ताव प्रस्तुत भएन । अर्को बैठक चैत ७ गते बस्ने गरी स्थगित भएको छ । सो बैठकमा पनि कार्यसूचीमा संकल्प प्रस्ताव अटाउने-नअटाउने अन्योलता कायमै छ ।



कात्तिक १६ गते जम्मु, काश्मीर र लद्दाखलाई अलग-अलग गरेर आफ्नो नक्सामा देखाउने क्रममा भारतले नयाँ नक्सा जारी गर्दा लिम्पियाधुरा, लिपुलेक र कालापानीसमेतलाई भारतमा समावेश गरेर नयाँ नक्सा प्रकाशित गरेको थियो । उक्त नक्साको नेपालमा चर्को विरोध हुँदै आएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि कालापानीबाट भारतीय सेना फिर्ता पठाउने अभिव्यक्ति दिँदै आएका छन् ।

सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टीका सांसद् खगराज अधिकारीले नै संसद्मा उक्त संकल्प प्रस्ताव दर्ता गराएका हुन् । प्रस्तावमा भनिएको छ, 'भारत सरकारले नेपालको दार्चुलाको कुटियाङ्दी र लिम्पियाधुराक्षेत्र समावेश गरी भारतको नक्सा प्रकाशित गरिसकेपछि सर्वदलीय बैठकबाट नेपालको भूभाग कसैबाट कुनै प्रकारले हडप्ने काम नहोस् भन्ने अडान कायम गरी नेपाल सरकारलाई निर्देशन गरेकाले कूटनीतिक र अन्य पहलकदमी गरी नेपालको भू-भाग कायम गर्न र कालापानीक्षेत्रमा रहेका विदेशी सेना हटाउन आवश्यक भएकाले' प्रस्ताव दर्ता गराइएको थियो । बिहीबार कार्यसूचीबाट संकल्प प्रस्ताव हटाएपछि सांसद्हरूले बैठकमा भने त्यसको खोजी गरेका थिए । कालापानीबाट भारतीय सेना फिर्तासम्बन्धी संकल्प प्रस्तावलाई सम्भावित कार्यसूची बनाएर पनि हटाएको भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद् राजेन्द्र लिङ्देनले खोजी गरेका हुन् ।

बैठकमा उनले भने, 'विपक्षीले ल्याउन नसकेको प्रस्ताव सत्तापक्षीय माननीयहरूबाट आयो, राष्ट्रियतासँग सम्बन्धित विषय आज त्यसमा समर्थन गरौं, सहयोग गरौं भनेर तयार भएको थिएँ । तर त्यो संकल्प प्रस्ताव नै फिर्ता भएछ । राष्ट्रियतामाथि भएको यति ठूलो हस्तक्षेप, हाम्रो भूमिमाथि भएको अतिक्रमण के एउटा प्रेस नोटले पूरा हुन्छ ? अरू के प्रयासहरू गरिरहेको छ ?' उनले झापामा पनि भारतले सीमा मिचेको भन्दै लिम्पियाधुरा, लिपुलेक मात्र होइन, देशभर कहाँ-कहाँ सीमा अतिक्रमण भएको छ, तथ्यांक निकाल्न आयोग बनाउन माग गरे । लिङ्देनले विशेष समय लिएरै संसद्मा भने कार्यसूचीबाट संकल्प प्रस्ताव हटेको विषयमा आश्चर्य व्यक्त गरे ।

त्यस्तै, उनले कालापानी क्षेत्रको हवाई निरीक्षण गरेर फर्किएका उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले पनि सोमबार संसद्लाई जानकारी नगराएको भन्दै असन्तुष्टि जनाए । उनले भने, 'रक्षामन्त्रीज्यूले कालापानी घुमेर आउनुभएको भन्नुभएको छ, के-के देख्नुभयो ? त्यसको जानकारी यहाँ गराउनु पर्दैन ?' रक्षामन्त्रीले त्यसबारे संसद्लाई विस्तृत जानकारी गराउनुपर्छ ।'

बैठकमा नेपाल मजदूर किसान पार्टीका सांसद् प्रेम सुवालले भारतले नक्सा सार्वजनिक गरेको महिनौं बित्दा पनि सरकार के गर्दैछ भन्दै प्रश्न गरे ।

# लडाकु बनाउन किशोरी अपहरण

## विप्लव समूहका १४ पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले लडाकु बनाउने भन्दै धनुषाबाट अपहरण गरेको एक किशोरी रिहा भएकी छन् । नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले ती किशोरीलाई उदयपुर जिल्लाको कटारीबाट अपहरणमुक्त गराएको हो ।



विप्लव समूहले बुधवार दिउँसो धनुषाको गणेशनाथ चारनाथ नगरपालिका-५ बाट १४ वर्षीया गरिमा मोक्तानलाई अपहरण गरेको थियो । किशोरी अपहरणमा परेको उजुरीपछि प्रहरीले खोजतलास सुरु गरेको थियो । बिहीबार प्रहरीले उक्त किशोरीलाई उदयपुरमा फेला गरेको छ । युवती अपहरणको अभियोगमा विप्लव समूहका १४ जना कार्यकर्ता तथा नेता पक्राउ परेका हुन् । पक्राउ पर्नेमा ६ जना महिला र ८ जना पुरुष रहेको दुई नम्बर प्रदेश प्रहरी प्रमुख डीआईजी प्रद्युम्न कार्कीले जानकारी दिएका छन् ।

डीआईजी कार्कीका अनुसार, किशोरीलाई लडाकु बनाउन अपहरण गरिएको थियो । उनले भने, 'अहिलेसम्मको अनुसन्धानमा लडाकु बनाउन नै अपहरण गरेको देखिएको छ । अनुसन्धान अहिले जारी छ ।' प्रहरीमा पीडितका आफन्तले उजुरी दिएपछि प्रहरीले बालिकाको खोजी गरेको थियो । नेपाल प्रहरीबाट एसपीको कमान्डमा ८० जना र सशस्त्र प्रहरीको तर्फबाट ३० जनाको टोलीले खोजी गर्दा उदयपुरको कटारी नगरपालिकाबाट बालिकालाई उद्धार गरेको हो । कार्कीका अनुसार उनीहरूको साथबाट प्रहरीले तीन थान पेस्तोल र १२ वटा बमसमेत फेला पारेको छ । ११ वटा सकेटबम र प्रेसरकुकरबमलगायत अन्य सामग्री पनि फेला पारेको कार्कीको दाबी छ ।

## विश्व स्वास्थ्य संगठनद्वारा महामारीको संज्ञा

# सरकार भन्छ, 'सब ठीकठाक'



**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

विश्व स्वास्थ्य संगठनले कोरोना भाइरस महामारीको रूप लिएको भनिरहँदा नेपाल सरकारले भने सब ठीकठाक रहेको दाबी गरेको छ । स्वास्थ्यमन्त्रालयले बिहीबार पत्रकार सम्मेलन गरी नेपालमा कोरोना भाइरसको खासै प्रभाव नपरेको दाबी गरेको हो ।

सरकारले नेपालमा अहिलेसम्म एकजनामा मात्रै कोरोनाको संक्रमण देखिएको र उनी पनि निको भएर घर फर्किएको जनाएको छ । पत्रकार सम्मेलनमा कोरोनाको आशंकामा नमूना परीक्षण गराइएका ४ सय ५० मध्ये हालसम्म १ जनामा मात्रै पोजेटिभ देखिएको मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले जानकारी दिए । कोरोनाले तर्सिनु पर्ने अवस्था नरहेको उनले बताए । स्वास्थ्य मन्त्रालयका सचिव यादव कोइरालाले मन्त्रालयले विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार काम गरिरहेको बताए । उनले स्वास्थ्य र शिक्षा गम्भीर कुरा भएकाले सही सूचना प्रवाह गर्न आग्रह गरेका छन् । पत्रकार सम्मेलनमा उनले भने, 'जोखिमलाई हेरेर काम गरिरहेका छौं । नाकाहरूमा कडाइ गरेका छौं । स्थानीय र प्रदेश सरकारसँग हातेमालो गरेका छौं ।'

जनस्वास्थ्य प्रयोगशालाकी निर्देशक डा.रुणा झाले २ वटा ल्याब तयारी अवस्थामा रहेको जानकारी दिइन् । हाल एउटा मात्र ल्याब प्रयोगमा रहेको उनले बताइन् । प्रयोगशालाको ४ हजार नमूना परीक्षण गर्ने क्षमता रहेको जानकारी उनले दिइन् । प्रवक्ता देवकोटाका अनुसार कोरोनाको आशंकामा हाल ६ जनालाई आइसोलेसनमा राखिएको छ । ४ जनालाई टेकु र २ जनालाई पाटन अस्पतालको आइसोलेसन वार्डमा राखिएको प्रवक्ता देवकोटाले जानकारी दिए । बाँकी पृष्ठ २ मा

# चल्ने भए टुटल र पठाओ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले टुटल र पठाओलाई निर्वाध रूपमा चल्न दिने जनाएको छ । बिहीबार भौतिकमन्त्री वसन्तकुमार नेम्वाङले मन्त्रालयका सचिव, विभागका महानिर्देशक, कानून शाखाका अधिकारीहरूसँग छलफल गरी टुटल र पठाओ चल्न दिने जनाएका छन् ।

मन्त्रालयका सचिव देवेन्द्र कार्कीले उपत्यकाको राइड सेयरिङको नियमन गर्ने विषय प्रदेशअन्तर्गत पर्ने भएकाले रोक्न नसकिने निष्कर्ष निकालेको जानकारी दिए ।

उनले भने, 'संविधानले नै प्रदेशअन्तर्गतको यातायात प्रदेश कानूनले नियमन गर्ने भनेको छ । यस विषयमा प्रदेश सरकारले कानून बनाइसकेको छ । प्रदेशको कानूनले नियमन गर्ने भएकाले टुटल पठाओ रोक्न आवश्यक छैन ।' विभागले संघीय कानूनअनुसार सूचना जारी गरे पनि मन्त्रालय टुटल पठाओजस्ता नवप्रवर्तक उद्यमलाई रोक्ने पक्षमा नरहेको उनले स्पष्ट पारे । उनले अगाडि थपे, 'उच्च अदालत समेतले राइड सेयरिङलाई व्यवस्थित गरी चलाउन आदेश दिएकाले यसलाई रोक्नु आवश्यक छैन । मन्त्रालयले पनि व्यवस्थित होस् भन्ने चाहेको छ । त्यसलाई निरुत्साहित गर्ने भन्ने हाम्रो सोचाइ होइन । अब तिनीहरूलाई प्रदेश कानूनले नियमन गर्छ ।'

यसअघि यातायात व्यवस्था विभागले रातो नम्बर प्लेटका गाडीले सार्वजनिक यात्रु सेवा दिन नपाउने भन्दै सूचना जारी गरेको थियो । सरकारले टुटल र पठाओमा रोक लगाउँदा चौतर्फी विरोध भएको थियो । यसअघि पनि सरकारले सूचना जारी गरी टुटल र पठाओ रोक्न भनेको थियो । तर, अदालतको आदेशमा सञ्चालन भएको थियो ।

# नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२० मा के छ ?

## मन्त्री र सचिव भन्छन्- प्रतिवेदनले औंल्याएका विषयमा गम्भीर छौं

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०' सार्वजनिक गरेको छ । बिहीबार मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच श्रममन्त्री रामेश्वर राय यादव, मन्त्रालयका सचिव विनोद केसी र राष्ट्रिय योजना आयोगका सदस्य रामकुमार फुयाँलले प्रतिवेदन सार्वजनिक गरेका हुन् ।

प्रतिवेदनमा वैदेशिक रोजगारीको वर्तमान अवस्था र प्रमुख रोजगार गन्तव्य मुलुकमा कार्यरत नेपालीको अवस्थाबारे चर्चा गरिएको छ । त्यस्तै, नेपाली कामदारको क्षेत्रगत अवस्था तथा नयाँ गन्तव्य मुलुकहरूको खोजीलगायतका विषयलाई पनि प्रतिवेदनमा समेटिएको छ ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा मन्त्री यादवले वैदेशिक रोजगारीबाट मुलुकले रेमिट्यान्स प्राप्त गरेको भए पनि यसभित्र रहेको ठगी, अपमान, ज्यान तथा जीवनको जोखिमले विकल्प खोज्नुपर्ने विषयमा प्रतिवेदनले ध्यानकर्षण गराएको बताए ।

श्रम बजारमा आउने नेपाली श्रमशक्तिलाई आन्तरिक रूपमै रोजगारीको सिर्जना गर्ने विषयलाई नेपाल सरकारले प्रमुख लक्ष्य बनाएको भन्दै सरकार नयाँ गन्तव्यको खोजीमा रहेको जिकिर गरे । राष्ट्रिय योजना आयोगका सदस्य रामकुमार फुयाँलले सम्मानजनक रोजगारमा मात्र नेपालीलाई वैदेशिक रोजगारमा पठाउने नेपाल सरकारको नीति रहेको भन्दै १५ आवधिक योजनामार्फत श्रमिकको आय आर्जन उत्पादनवृद्धि हुने क्षेत्रमा लगानी गर्ने वातावरण बनाउने बताए ।



विश्वव्यापी रूप लिइरहेको कोरोनाभाइरसको संक्रमणले वैदेशिक रोजगारको क्षेत्रमा उत्पन्न हुने चुनौती देखाइरहेको भन्दै फुयाँलले आगामी दिनमा राष्ट्रले उत्पादनशील क्षेत्रलाई बलियो बनाउने दाबी गरे ।

श्रम मन्त्रालयका सचिव विनोद केसीले समस्याको पहिचानसँगै समाधानसमेत खोजेर प्रतिवेदन तयार भएको बताए । श्रम आप्रवासनको क्षेत्रलाई व्यवस्थित गर्न नेपाल सरकारले गर्नुपर्ने सुधारका पक्षदेखि श्रमिकका काम कर्तव्य र अधिकार प्रतिवेदनले प्रकाश पारेको दाबी उनले गरे ।

प्रतिवेदनका मुख्य पक्षहरू प्रस्तुत गर्दै श्रममन्त्रालयका सह-सचिव उमेश ढुंगानाले वैदेशिक रोजगार नीतिमा गर्नुपर्ने परिमार्जनदेखि रोजगार गन्तव्यका प्रमुख क्षेत्र, रेमिट्यान्सको आप्रवाह, कामको प्रकृति र कामदारहरूले प्राप्त बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## कुवेतको श्रमस्वीकृति पनि बन्द

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले कतारपछि कुवेतको पनि श्रमस्वीकृति बन्द गर्ने निर्णय गरेको छ । कोरोनाभाइरस (कोभिड-१९) को संक्रमणका कारण कुवतले अन्तर्राष्ट्रिय उडान बन्द गरेपछि नेपालले श्रमस्वीकृति बन्द गरेको हो ।

वैदेशिक रोजगार विभागको काठमाडौं कार्यालयका प्रमुख उमेश बस्नेतले श्रमका लागि कुवेत जाने नेपालीको श्रमस्वीकृति अर्को व्यवस्था नभएसम्मका निम्ति स्थगित गरिएको बताए ।

कुवेतमा संस्थागत, व्यक्तिगत वैधानिकीकरण र नवीकरण गरी हाल मासिक करिब तीन हजार नेपाली रोजगारीका लागि जाने गरेका छन् ।

यसअघि कतारले कोरोनाभाइरसको संक्रमणका कारण नेपालसहित विभिन्न १४ देशका नागरिकलाई प्रवेशमा अस्थायी रोक लगाएकाले नेपालले पनि त्यहाँ जाने नेपालीको श्रमस्वीकृति स्थगन गर्ने निर्णय गरेको थियो । बन्द गरिएको दुवै देशको श्रमस्वीकृति कहिलेबाट खुला हुन्छ भन्नेबारे भने बस्नेतले केही बताएनन् ।

कुवेत र कतारको श्रम स्वीकृति बन्द भए पनि बिहीवार घर बिदामा आएका कामदार पुनः काममा फर्किन श्रमस्वीकृति लिन बाँकी पृष्ठ २ मा

UAE मा Security Guard हरूको आवश्यकता

कम्पनी: Securiguard Middle East LLC, UAE

मिति २०७६/११/१९ गते कान्तिपुर दैनिकमा प्रकाशित

पूर्व स्वीकृति मिति :-२०७६।११।१३ च. न.:-६०१५२४१३ LT N. 233614

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 200 | स.कामम छ | 2000 | ६४,००० | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

नोट :- ❖ SLC पास गरेको हुनु पर्नेछ, अंग्रेजी भाषा बोल्न पढ्न र लेख्न सक्ने हुनु पर्नेछ, ❖ उमेर: २२ देखि ४० वर्षसम्म हुनु पर्नेछ, ❖ उचाई: हकमा कम्तीमा ५ फिट ७ इन्च भन्दा माथि हुनु पर्नेछ, ❖ Ex-Army, Police तथा Civil Security मा कम्तीमा ३ वर्ष काम गरेको अनुभव हुनु पर्नेछ ।

Basic Salary AED 2000 र OT AED 770 सहित AED 2770 (नेरु ८८,६४०) हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | नि:शुल्क |

फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट मिति २०७६ चैत्र ५ गते (18 March., 2020) छायादेवी कम्प्लेक्स Aloft Kathmandu Hotel Thamel मा र चैत्र ६ गते (19 March., 2020) पृथ्वीचोक Bajeko Sekuwa Pokhara-9 मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

B&B Recruitment Pvt. Ltd.

इजाजत नं. १३६८/०७४/७५

नोबेल हस्पिटलको अगाडी, सिनामंगल, काठमाडौं, नेपाल, फोन नं. ०१-४११०९८०

सम्पर्क: ९८४४९४७६९२, ९८०२०७०४२६, ९८०८५२३३५९, ९८४४९४७७५२, ९८६३०११२४१, ९८६२३६८२३० (पोखरा ९८०४१६२७७१)

कर्मचारी आवश्यकता

यसै प्रा.लि. को लागि तल उल्लेखित पदहरुमा कर्मचारी आवश्कता भएको हुँदा सम्बन्धित काममा दक्ष र अनुभवीहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

(1) PRO: 2 M/F, (2) Accountant: 1 M/F, (3) Security Guard: 1 Male

# रक्तदानले अकाल मृत्युबाट जोगाउँदै सेना

**डोटी/रासस-** नेपाली सेनाले सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा रक्तदान गरी ११० स्थानीयको अकालमा हुने मृत्युबाट जोगाएको छ । पृतना हेडक्वाटर दिपायल राजपुरले दिएको जानकारीअनुसार आर्थिक वर्ष विसं २०७६/७७ मा पृतन मातहत रहेका विभिन्न युनिटका ९२ अधिकृत तथा अन्य सैनिकले रक्तदान गरी सहयोग गरेका थिए ।



प्रदेशमा भएका स्वास्थ्य संस्थामा रगतको अभाव भएपछि यहाँका सेवारत सैनिकले आवश्यकता अनुसार रक्तदान गर्ने गरेको जनाइएको छ । सेनाले यहाँ रक्तदानलाई उच्च महत्व दिएपछि स्थानीयमा खुशी छाएको छ । रगतको आवश्यक पर्नेलाई यहाँ कार्यरत सैनिकले अस्पतालमा नै गइ रक्तदान गर्दै आएका छन् ।

दिपायल सिलगढी नगरपालिका-४ पिपल्लाकी वडासदस्य पार्वती विकले भनिन्, 'भनेको समयमा रगत नपाउँदा अकालमा मृत्यु भएका थुप्रै उदाहरण छन्, तर सेनाले अहिले रगत दिन थालेपछि मृत्युहुनबाट जोगन थालेको छ, भनेको बेला सहज रगत पाउँदा स्थानीय खुशी भएका छन् ।' अछाम, बझाङ, बाजुरा, बैतडी, दार्चुला, डडेल्धुरा तथा डोटीका सुत्केरी महिला तथा दुर्घटनाका घाइतेलाई वढी रगतको आवश्यकता पर्ने गर्दछ । रुद्रध्वज गण सिलगढीका गणपति तथा प्रमुख सेनानी रत्नकेशर खड्काले आवश्यकता अनुसार रक्तदान गर्दै आएको जानकारी दिए । उनले भने, 'सेनाले सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लामा आवश्यक परेका बेला आफ्नो रक्तदान गरेको छ, विशेष गरी पहाडी जिल्लामा स्थानीयलाई सेनाले रक्तदान दिएर बचाउन सफल भएको छ ।'

पछिल्लो समय रगतको आवश्यक पर्ने सेनाको ब्यारेक धाउने गर्छन् । सेनाले आफू मातहत रहेका सम्पूर्ण सैनिक कर्मचारीको रगत ग्रुप पहिले नै छुट्टयाएर राख्ने तथा भनेको बेलामा जुनसुकै समयमा पनि रगत दिन तयार हुने भएकाले यहाँका स्थानीय सेनाका ब्यारेक तथा युनिटमा रगत माग्न धाउने गरेको दिपायल पिपल्लास्थित शैलेश्वरी अस्पतालका निर्देशक आइजङ्ग कुँवरले जानकारी दिए । उनले भने, 'रगतको अभावमा बिरामीको ज्यान नै खतरामा परिसकेको हुन्छ, नयाँ मान्छे बोलाएर रगत ग्रुप पत्ता लगाउँदासम्म ढिलो भइहाल्छ, सेनाले पहिले नै रगत ग्रुप छुट्टयाएर राख्ने भएकाले हामी पहिलो खबर ब्यारेकमै गर्छौं र सहजै ब्लड पाइन्छ ।'

रक्तदान गर्नुपर्छ भन्ने बानीको विकास भई नसकेकाले जिल्लामा रगत सहजै पाउनमा समस्या हुने गरेको चोपडा अस्पताल दिपायल पिपल्लाका निर्देशक हिक्मतसिंह चोपडाले बताए । उनले भने, 'रक्तदान गर्दा कमजोर भइन्छ भन्ने अन्धविश्वासले यहाँका स्थानीय रक्तदान गर्न अघि सर्दैनन्, रगत नपाउँदा बिरामीको ज्याननै खतरामा पर्ने गर्छ, रगत दान गर्दा कुनै असर हुँदैन रक्तदान गर्ने बानीको विकास गर्नु जरुरी भएको छ ।' नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित रक्तसञ्चार केन्द्र पनि रक्तदान गर्नेको अभाव भएपछि बन्द हुने अवस्थामा पुगेको जनाइएको छ ।

त्यस्तै यहाँको निजी क्षेत्रको अस्पातल शैलेश्वरीले पनि रगत सङ्कलन गर्न शुरुआत गरे पनि रक्तदान गर्ने व्यक्ति नपाउँदा बन्द अवस्थामा रहेको सो अस्पतालका चिकित्सक लोकेन्द्र बोहराले जानकारी दिए ।

## इटहरी अस्पतालमा सहायता कक्ष स्थापना गरिने




**इटहरी/मस-** कोरोना भाइरस (कोभिड-१९) को सम्भावित जोखिम न्यूनीकरणका लागि इटहरी उपमहानगरपालिकाले विभिन्न कार्यक्रम गर्ने निर्णय गरेको छ । उपमहानगरको ७४ औं बैठकले कोरोना भाइरसको संक्रमण हुन नदिनका लागि सचेतनामूलक कार्यक्रमसहित संक्रमण नियन्त्रण तथा रोकथामका लागि विभिन्न कार्यक्रम गर्ने निर्णय गरिएको उपप्रमुख लक्ष्मी गौतमले बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा सो जानकारी गराए ।

उपमहानगरपलिकाले विभिन्न सरोकारवाला निकायसँग बिहीबार छलफल गरेर कार्यक्रम अगाडि बढाउने बताएको छ । बैठकले कोरोना भाइरसको सम्भावित जोखिम न्यूनीकरणका लागि इटहरी अस्पतालमा सूचना सामग्रीसहित हेल्पडेस्क स्थापना गर्ने, सार्वजनिक स्थानमा भेला, सम्मेलन तथा भीडभाड नगर्ने, सामुदायिक विद्यालयमा सूचनामूलक व्यानर तथा साबुनपानीको व्यवस्था गर्ने र नगरवासीलाई साबुनपानीले मिचीमिची हात धुन आग्रह गर्ने निर्णय गरेको उपमहानगरपालिकाले जनाएको छ ।

यसरी जनचेतना तथा आवश्यक सतर्कता अपनाउनका लागि सहयोग गर्न निजी स्वास्थ्य संस्थालाई समेत आग्रह गरिएको उपप्रमुख गौतमले बताए । इटहरी अस्पतालका निमित्त मेसु मनिष शर्माले यो रोगको भाइरसले विशेष गरेर विभिन्न रोगको सामना गरिरहेका व्यक्ति तथा ६० वर्षभन्दा वढी उमेरका मानिसमा लाग्ने भएकाले सबैलाई सावधानी अपनाउन आग्रह गरे ।

## पत्रकार साहको हत्या अभियुक्त कारागार चलान

**बारा/मस-** पत्रकार वीरेन्द्र साहको हत्या गरेका कुन्दन भन्ने नरेन्द्र फौजदारलाई जिल्ला अदालत बाराले पुर्पक्षका लागि वीरगञ्ज करागार पठाउने आदेश गरेको छ । न्यायाधीश खिलनाथ रेगमीको एकल इजलासले फौजदारलाई थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएको अदालतका प्रवक्ता कौसर ज्ञवालीले जानकारी दिए ।

बिहीबार भएको थुनथेक बहसपछि अदालतले कारागार पठाउने आदेश गरेको बताइएको छ । लागुऔषध मुद्दासमेत संलग्न रहेको आरोपमा उनलाई बयानका लागि कारागारबाट आदलतमा झिकाउने प्रवक्ता ज्ञवालीले बताए । यो भन्दा अगाडि स्व पत्रकार साहको हत्यामा संलग्न रहेका मैनेजर गिरी ११ वर्ष जेल सजाय काटी जेलमुक्त भइसकेका छन् भने रामएकवाल सहनी वीरगञ्ज करागारमा जेल जीवन बिताइरहेका छन् ।

## श्रीमतीको हत्या आरोपमा पक्राउ

**काठमाडौं/मस-** नेपाल प्रहरीले श्रीमतीको हत्या गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको टोलीले दक्षिणकाली नगरपालिका-२ विगमफाँटमा श्रीमतीको हत्या गरेको आरोपमा खोटाङका ३५ वर्षीय नवीन राईलाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको हो ।

वृत्त कीर्तिपुरका प्रमुख प्रहरी नायब उपरीक्षक छेदीलाल कामतीले होलीका दिन ३३ वर्षीया पुष्पा राईमाथि कुटपिट गरेर हत्या गर्ने नवीनलाई पक्राउ गरिएको जानकारी दिए । 'श्रीमती पुष्पाको कपालमा समातेर घिसारेर कुटपिट गरी हत्या गरेर सडकको किनारा झाडीमा फालेको र उक्त शव भोलिपल्ट बिहान कोठामा ल्याएर राखेको अवस्थामा प्रहरीले फेला पारेको थियो,' उनले भने । मृतक पुष्पाको मुख र टाउकोमा चोट लागेको थियो । पक्राउ परेका राई लामो समयदेखि बङ्गुरफार्ममा काम गर्दै आएका व्यक्ति हुन् । राईमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

अर्काको नाममा ट्रायल दिने दुई पक्राउ

ट्राफिक प्रहरीले अर्काको नाममा सवारी अनुमतिपत्र (लाइसेन्स)को ट्रायल दिने दुई नक्कली प्रशिक्षार्थीलाई पक्राउ गरेको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाको टोलीले नेपाल ड्राइभिङ सेन्टर चावहिलमा सञ्चालन भएको मोटरसाइकलको ट्रायल दिन गएका कैलालीका जनक न्यौपाने र दार्चुलाका सुभाषसिंह धामीलाई आज दिउँसो पक्राउ गरेको हो ।

महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले अर्काको नाममा आफ्नो फोटो टाँसेर ट्रायल दिन आएको अवस्थामा उनीहरुलाई पक्राउ गरेको जानकारी दिए । पक्राउ परेका न्यौपानेले बाजुराका कुन्का थापाको नाममा आफ्नो फोटो टाँसेर ट्रायल दिन आएको अनुसन्धानमा खुलेको छ ।

धामीले थापालाई ट्रायल पास गरिदिने भन्दै सम्पर्कमा ल्याएर न्यौपानेलाई ट्रायल दिन लगाएको महाशाखाले जनाएको छ । पक्राउ परेका दुवैलाई मुलुकी अपराध संहिता ऐन, २०७४ को लिखतसम्बन्धी कसुर अपराधअनुसार थप अनुसन्धान तथा आवश्यक कारवाहीका लागि महानगरीय प्रहरी वृत्त गौशाला पठाएको महाशाखा प्रमुख ढकालले बताए ।

## हरायो काठमाडौँ उपत्यकाका धारापोखरी

**काठमाडौं/रासस-** काठमाडौँ उपत्यकाका ९४ ढुङ्गेधारा तथा ४० पोखरी हराएको पाइएको छ । काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डले गरेको अध्ययनका क्रममा यी पानीका स्रोत अहिले नरहेको पाइएको हो ।

बोर्डले दुई वर्ष पहिले काठमाडौँ उपत्यकाभित्रको ढुङ्गेधारा तथा पोखरीहरुको विस्तृत लगत सङ्कलन शुरु गरेको थियो । अध्ययन सकिएसँगै बोर्डले अहिले स्थलगत विवरणसहित पुस्तक प्रकाशन गरेको छ । एक शताब्दी पहिलेसम्म उपत्यकामा ५७३ ढुङ्गेधारा र २३३ पोखरी रहेको पुस्तकमा उल्लेख छ ।

बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम राणाले उपत्यकामा पहिले रहेको राजकुलो हराउँदा पोखरी सुकेको र ढुङ्गेधारा हराएको बताए । पहिले उपत्यकाका तीन जिल्लामा नै राजकुलो थियो । राजकुलोको पानी बस्तीको सिरानमा रहेको सिरान पोखरी हुँदै अरु पोखरीसम्म पुगेको बताए । पोखरी र ढुङ्गेधारामा पानी नहुँदा त्यो प्रयोगमा नआएको र विस्तारै लोप भएको पाइन्छ । उनले भने, 'कतिपय पोखरीका माथि सरकारी कार्यालय बनिसकेकाले त्यो हटाउन सकिने अवस्था छैन ।'

बोर्डले स्थानीय तहसँगको सहकार्यमा उपत्यकाका पोखरी र ढुङ्गेधाराको विस्तृत अध्ययन गरिरहेको छ । आगामी दिनमा यिनलाई ब्युँताउने बोर्डको तयारी छ । पुरानो संरचनाअनुसार पानी भर्न नसकिने भएकाले वर्षाको पानी संकलन गरी पुनःभरण गर्न सकिने कार्यकारी निर्देशक राणाले बताए ।

### नेपाल...

गरिरहेको प्रतिफललगायतका विषयमा प्रतिवेदनले मन्त्रालयलाई दिशानिर्देश गरेको उल्लेख गरे ।

रेमिट्यान्स भित्राउने विश्वको पाँचौं मुलुकमा नेपाल रहेको प्रतिवेदनले औंल्याएको छ । गत वर्ष भित्रिएको ८ खर्ब ७९ अर्ब रेमिट्यान्सले मुलुकको भुक्तानी सन्तुलनमा योगदान दिएकोले यस क्षेत्रको सुधारमा पनि प्रतिवेदनले जोड दिएको छ । प्रतिवेदनले श्रम कूटनीतिकलाई चुस्त बनाउन पनि सुझाएको छ ।

### कुवेतको ...

आएका थिए । कार्यालय प्रमुख बस्नेतले पुनः श्रमस्वीकृति लिनेको भीड बढेपछि अतिरिक्त कर्मचारीहरूको व्यवस्था गरेर सेवा दिएको बताए ।

यूएईले कोरोनाभाइरस (कोभिड-१९) को संक्रमणका कारण हुनसक्ने स्वास्थ्य समस्याको समाधान गर्न आन्तरिक रूपमा पार्क, ठुल्ठूला सपिङ मलहरू बन्द गरे पनि विदेशी कामदारको प्रवेशमा रोक लगाएको छैन ।

यसैबीच, यूएईस्थित नेपाली राजदूतावासले त्यहाँ रहेका रहेका नेपालीहरूलाई कोरोनाभाइरसबाट बच्नका लागि उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । बिहीबार एक सूचना जारी गरी नेपाली दूतावासले सतर्कता अपनाउन आग्रह गरेको हो । जारी सूचनामा विभिन्न देशका नागरि कसँगै २ जना नेपालीमा कोरोनाभाइरसको संक्रमण देखिएकाले सचेत हुन भनिएको छ । व्यक्तिगत सरसफाइमा ध्यान दिन पनि दूतावासले सुझाएको छ।

कोरोना संक्रमणबाट खाडीका अन्य मुलुकसँगै यूएई पनि प्रभावित भएको छ । अन्तर ाष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार, हालसम्म यहाँका ७४ जना मानिसमा कोरोनाको लक्षण देखिएको छ ।

### विश्व...

सिभिल अस्पतलबाट पनि कोरोनाको आशंकमा एक जना बिरामीको नमूना आएको तर परीक्षण भइनसकेको मन्त्रालयले जनाएको छ ।

यसैबीच, विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ)ले कोरोनाभाइरसको संक्रमणलाई महामारीको संज्ञा दिएको छ । डब्लूएचओका प्रमुख डा. टेड्रोस एड्हानोम गेहब्रेयससले पछिल्लो दुई हप्तामा चीनबाहिर १३ गुणाले कोरोनाभाइरसको संक्रमण विस्तार भएको बताए । उनले चिन्ताजनक तहमा अनिर्णयको अवस्था रहेको भन्दै त्यसले आफूलाई गम्भीर बनाएको बताए । एकै समयमा एउटा रोग एकभन्दा धेरै देशमा फैलिएको अवस्थामा त्यसलाई महामारीका रूपमा चित्रण गरिन्छ। डाक्टर टेड्रोसले महामारी भन्नुको अर्थ डब्लूएचओले देशहरूलाई चाल्नुपर्ने कदमका बारेमा दिएका सुझावमा परिवर्तन नगरिएको उल्लेख गरे ।

उनले संक्रमणलाई नियन्त्रणमा लिन देशहरूले 'तत्कालै र आक्रामकस्तरमा' कदमहरू चाल्नुपर्ने बताए । उनले कयौं देशहरूले यो भाइरसलाई दबाउन र नियन्त्रण गर्न सकिन्छ भनेर पुष्टि गरिरसकेको बताए । उनको अपिलसँगै कयौं देशहरूले भाइरसलाई नियन्त्रणमा लिन थप कदमहरू चालेका छन् । सोमबार यता सङक्रमितको संख्या १० गुणाले बढेर ५१४ भएको डेनमार्कले शुक्रबारबाट लागू हुनेगरी सबै विश्वविद्यलाय र विद्यालयहरूमा बिदा दिइएको छ ।

संवेदनशील जिम्मेवारीमा रहेका बाहेक सबै निजी क्षेत्रका कर्मचारीलाई बिदा दिने उसले घोषणा गरेको छ । भारतले अप्रिल १५ सम्म अधिकांश विदेशीका प्रवेशाज्ञा निलम्बन गर्ने बताएको छ । ग्वाटेमालाले युरोपेली नागरिकहरूलाई आफ्नो देशमा प्रवेश गर्नबाट बिहीवारबाट प्रतिबन्ध लगाउँदै छ ।

## बस र अटोरिक्सा ठोक्किादा एकको मृत्यु

**बाँके/मस-** बाँकेको नेपालगञ्ज-कोहलपुर सडकखण्डमा बस र अटोरिक्सा एकआपसमा ठोक्किँदा एकजनाको मृत्यु भएको छ । भे१ख २१२९ नम्बरको बस र अटो बिहीबार बिहान कोहलपुरको ट्राफिक प्रहरी कार्यालय अगाडि ठोक्किँदा अटो चालकको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

मृतकको नाम र ठेगाना अझै खुल्न नसकेको प्रहरी नायब उपरीक्षक शिवबहादुर सिंहले जानकारी दिए । दुर्घटनामा घाइते दुईको कोहलपुर मेडिकल कलेजमा उपचार भइरहेको छ र बसका चालकलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।


तु-आवश्यकता

यस प्रतिष्ठित मेनपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएकोले दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र र बायोडाटाका साथ सम्पर्क गर्नुहोला ।

Office Secretory : 1 Female

तलब आपसी समझदारीमा

सम्बन्धित काममा अनुभवी तथा दक्ष हुनुपर्नेछ ।

माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.

हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल,

फोन: ५५२३३६२, मो.: ९८५१०६२५६६, ९८५१००११६२०

E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com


# 'प्रदेश राजधानी तोक्ने विषय सबैको साझा जिम्मेवारी'

**बुटवल/मस-** प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले प्रदेश राजधानी तोक्ने विषय सबैको साझा जिम्मेवारी भएको बताएका छन् । प्रदेशसभाको बैठकमा बिहीबार विशेष सम्बोधन गर्दै उनले सबै ठाउँका नागरिकका आकाङ्क्षा सम्बोधन हुने गरी राजधानीको टुङ्गो लगाउनुपर्ने बताए ।



'राजधानी प्रदेशसभाले तोक्ने हो, चुनावका बेलामा के भन्नुभयो, त्यो कुरा बिर्सनुस्, यो अधिवेशनबाट टुङ्ग्याउने गरी छलफल गरौं,' उनले भने । लुम्बिनी क्षेत्रका नागरिकले राप्ती भेरीको र राप्ती भेरीतर्फका नागरिकले लुम्बिनी क्षेत्रका नागरिकको भावना बुझ्न आवश्यक रहेको बताउँदै उनले आफ्नो ठाउँको कुरा कम गर्न आग्रह गरे ।

मुख्यन्त्री पोखरेलले कृषि, पर्यटन, उद्योग, सामाजिक क्षेत्र तथा पूर्वाधार निर्माणका काम व्यवस्थित तरिकाले अघि बढेको बताए । अहिलेसम्म प्रदेशको कूल बजेटको २८ प्रतिशत खर्च भएको जानकारी गराउँदै उहाँले भएका काम गुणस्तरीय र दिगो बनाउन जरुरी रहेको बताए ।

कमजोरी सुधार गर्न सरकार तयार रहेकाले उनले राज्यको सम्पत्तिलाई दुरुपयोग गर्ने अधिकार कसैलाई नरहेको बताए । मुख्यमन्त्री पोखरेलले विकास निर्माणका कामसमेत द्रुत गतिमा अघि बढेको जनाउँदै पौने तीन सयको हाराहारीमा सडक कालोपत्र भएका बताए । 'नयाँ संरचनाका बाबजुद केन्द्रीय सरकारसँग प्रतिस्पर्धा गरेर अगाडि बढ्न सक्नु सकारात्मक पक्ष हो,' उनले भने ।

प्रदेशका कामलाई व्यवस्थित गर्न सूचना प्रविधि प्रतिष्ठान र पूर्वाधार विकास प्राधिकरण गठन गरिएको जानकारी गराउँदै उनले यसले सूचना र पूर्वाधार विकासका क्षेत्रका काम प्रभावकारी हुने विश्वास व्यक्त गरे । उनले आगामी वर्षदेखि एकीकृत प्रणालीअन्तर्गत आफ्नै प्रणालीको व्यवस्था गरेर अगाडि बढ्ने योजना रहेका समेत जानकारी गराए ।

मुख्यमन्त्री पोखरेलले जनशक्ति आपूर्ति गर्ने काममा प्रदेश लोकसेवा आयोगले काम अघि बढाएको बताए । उनले उद्योग, पर्यटन क्षेत्रमा लगानी वृद्धि भएको बताउँदै सिमेन्टमा आत्मनिर्भरतातर्फ अगाडि बढेको बताए । उनले कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिन भिडभाडबाट जोगिनसमेत प्रदेशसभामार्फत नागरिकलाई अपिल गरे ।

बिहीबारको बैठकमा मुख्यमन्त्री पोखरेलले प्रस्तुत गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी कानून संशोधन र एकीकरण गर्न बनेको विधेयक र लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि अर्थ, उद्योग तथा पर्यटन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको थियो ।

बैठकमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लिला गिरीले प्रस्तुत गरेको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि विधेयकलाई कृषि वन तथा वातावरण समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको थियो ।

## बालिका बलात्कार गर्ने युवकलाई १२ वर्ष कैद

**कपिलवस्तु/मस-** कक्षा ७ मा पढ्ने १४ वर्षीया बालिकालाई जबर्जस्ती करणी गरेको मुद्दामा कपिलवस्तुका एक युवालाई १२ वर्ष कैद भएको छ । जिल्लाको बुद्धभूमि नगरपालिका-९ इमिलियाका १८ वर्षीय योगेश श्रेष्ठलाई १२ वर्ष कैद र रु एक लाख क्षतिपूर्तिको फैसला भएको छ ।

जिल्ला अदालत कपिलवस्तुका न्यायाधीश लोकजङ्ग शाहको इजलासले बुधबार सो फैसला गरेको हो । जबर्जस्ती करणी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका उनलाई अदालतले उक्त सजाय तोकेको हो । अदालतका स्रेस्तेदार चिन्तामणि शर्माका अनुसार ती बालिकालाई बलात्कार गर्ने अन्य चार बालकलाई भने आठ वर्ष बालसुधार गृहमा राख्ने फैसला भएको छ । विसं २०७५ माघ र फागुनमा छुट्टाछुट्टै सयममा ती बालिकालाई छ जनाले ललाइफकाई जबर्जस्ती करणी गरेका थिए । बालिकाले डर त्रासका कारण त्यसबारे घरमा कसैलाई जानकारी दिएकी थिइनन् ।

घटनापछि बालिकाले तीन महिना चार दिनको गर्भ बोकेको कुरा स्वास्थ्य जाँचका क्रममा भेटिएको थियो । पीडितकी आमाले २०७६ वैशाख ११ गते आफ्नी छोरीलाई छ जनाले बलात्कार गरेको किटानी जाहेरी दिएका थिए । सोही आधारमा घटनाका मुख्य आरोपी श्रेष्ठ पक्राउ परेका थिए ।

बालिकालाई नगरपालिका-२ गोरुसिङ्गेस्थित रोयल खुस्बु होटलमा लगी बलात्कार गरिएको थियो । होटलका मालिक नगरपालिका-९ इमिलियाका युवराज भुसाल जैसीले बालिकालाई बलात्कार गरेका थिए । किटानी जाहेरी परेदेखि उनी फरार रहेको प्रहरीले जनाएको छ। उनको मुद्दा मुल्तबी राखिएको स्रेस्तेदार शर्माले जानकारी दिए ।

बालिका सकुशल रहेको प्रहरीले जनाएको छ । बालबालिकासम्बन्धी ऐनको दफा ३६(४) अनुसार आरोपी बालक भए कैदको दुई तिहाइ मात्र सजाय भोग्नुपर्ने प्रावधान छ । अठार वर्ष मुनिका बालबालिकाको सहमति र असहमति दुवै अवस्थामा बलात्कार हुने मुलुकी संहितामा उल्लेख गरिएको छ ।

## विप्लव समूहका इन्चार्ज प्रहरी नियन्त्रणमा

**दमौली/मस-** नेत्रविक्रम चन्द समूहका जिल्ला इन्चार्ज पूर्णजित पुन पक्राउ परेका छन् । गत माघ २८ गते राति जनयुद्ध दिवसको पोष्टर टाँस्ने क्रममा म्याग्दे गाउँपालिका-३ जामुनेबाट पक्राउ परेका पुनलाई जिल्ला अदालतका न्यायाधीश वासुदेव पौडेलको इजलासले सामान्य तारेखमा रिहा गर्ने आदेश दिएलगत्तै प्रहरीले पुनलाई पक्राउ गरेको हो ।



प्रहरीले पुनको विरुद्धमा जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहारसम्बन्धी र जिल्ला अदालतमा विस्फोटक पदार्थ र आगजनीसम्बन्धी मुद्दा दर्ता गरेको थियो । गत साउन १५ गते घिरिङ गाउँपालिका-२ घुर्लीछापमा र पुस २६ गते भीमाद नगरपालिका-५ मिछुर्लुङमा भएको एनसेलको टावर आगजनीको घटनामा पुनलाई दोषी देखाइएको छ ।

पुनसँगै पक्राउ परेका विप्लव समूहका विद्यार्थी नेता पर्वत सेढाईं भने जिल्ला प्रशासनको आदेशपछि रु पाँच हजार धरौटी बुझाएर रिहा भएका छन् । अदालतबाटै पक्राउ परेका पुनलाई गोरखा पठाइने प्रहरीले जनाएको छ ।


UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : Etihad International Hospitality(EIH) Owned Al Wathba Investment LLC-Sole Proprietorshop L.L.C

पूर्व स्वीकृत मिति: २०७६/११/२९ | चलानी नं.: ६०१५३३७६ | LT. No.: 234905

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २५,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 50 | | 900 | २८,७९० | | | | | | | |
| 3. | Messenger | 10 | 10 | | 1000 | ३१,९९० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ७ गते (20 March 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईआने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Empower Human Resources Management Pvt. Ltd

Sinamangal -9, Kathmandu, Nepal, Tel.: 00977- 4488265

Gov. Lic No. 1150/073/074

Mob.: 9814048923, 9819063243, 9813657032, 9808658844, 9851071436 9803592045, 9845417639, 9801402996 9851190570, 9801625801, Email: empowerhr1150@gmail.com

# ‘संसदप्रति उत्तरदायी बनौं’



**काठमाडौं/मस-** राष्ट्रियसभा सदस्यहरुले संसदप्रति उत्तरदायी बन्दै भ्रष्टाचार न्यूनीकरणको क्षेत्रमा थप कदम चाल्न सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रियसभाको बिहीबारको बैठकको विशेष समयमा बोल्दै सांसदहरुले संसदमा उठेका सवालमा इमान्दार भएर जवाफ दिन सरकार र सरकारका मन्त्रीको ध्यानाकर्षण गराएका हुन् । त्यसैगरी भ्रष्टाचार नियन्त्रणका लागि ठोस कदम चाल्न पनि उनीहरुले आग्रह गरे ।

राष्ट्रियसभा सदस्य रामनारायण विडारीले निर्वाचित जनप्रतिनिधिहरुको थलो संसदप्रति उत्तरदायी बन्न सरकारको ध्यानाकर्षण गराए । संसदको विभिन्न समयमा के कस्ता विषयमा कुरा उठेको छ भन्ने सम्म मन्त्रीहरुलाई जानकारी नहुने गरको भन्दै उनले संसदप्रति इमान्दार, जवाफदेही र उत्तरदायी बन्न आग्रह गरे । उनले सरकार र सरकारका मन्त्रीहरुले सांसदले उठाएका सार्वजनिक सरोकारका विषयप्रति जवाफदेही नभएकोमा आक्रोश पोखे ।

उनले भने, ‘जवाफ नदिने । बोले पनि हुने, नबोलेपनि हुने । ठिक बोलेपनि हुने बेठिक बोले पनि हुने । मनलागे बोले नि हुने । मन नलागे नबोले नि हुने । यस्तो प्रकारको सदन भएपछि सदनको गरिमा घट्छ अध्यक्ष महोदय । सदनको गरिमा घट्यो भने व्यवस्थामाथि प्रश्न उठ्छ । जनताका प्रतिनिधिलाई हेप्ने प्रकारले कुरा गरेपछि प्रश्न उठ्छ । मन्त्रीले उद्घाटन गर्न जहाँ नि भ्याउने तर संसदमा जवाफ दिन नभ्याउने ? संसदमा के बोलियो त्यसमा ध्यान दिन पर्‍यो ।’

संसदमा सांसदहरुले उठाएका सबै विषयको रेकर्ड राख्दै ती सवालको जवाफ दिएर जनताप्रति आफ्नो इमान प्रदर्शन गर्न पनि उनले आग्रह गरे । उद्घाटन गर्न जहाँ पनि पुग्ने गरेका मन्त्रीहरु सदनमा भने कमै उपस्थिति जनाउने गरेको तर्फ पनि उनले ध्यानाकर्षण गराए । सदन प्रभावकारी बनेर आधुनिक, प्रगतिशील र जनमुखी कानून बनाएर अघि बढेमा व्यवस्था विरोधीहरु त्यसै ‘झिसमिस’ हुने उनको भनाइ थियो ।

राष्ट्रियसभा सदस्य बेदुराम भुसालले हरेक क्षेत्रमा फैलिएको भ्रष्टाचार रुपी महारोगबाट सिंगो मुलुक आक्रान्त बनेको भन्दै न्यूनीकरणका लागि थप कदम सरकारको ध्यानाकर्षण गराए । भ्रष्टाचारबाट मुलुकलाई मुक्त बनाउने बाटोमा सभाको भूमिका केन्द्रित गर्न पनि उनले आग्रह गरे । मलुकमा व्याप्त भ्रष्टाचार कोरोना भाइरस जस्तै भाइरस भएको भन्दै उनले न्यूनीकरणका लागि राष्ट्रियसभाले प्रभावकारी भूमिका खेल्नुपर्ने बताए । त्यसैगरी उनले मुलुकका अन्य समस्याहरुको न्यूनीकरण गर्दै सही बाटोमा लैजान र समाज रुपान्तरणका लागि आवश्यक अभियानहरु सञ्चालन गर्नका लागि सरकारलाई सहयोग गर्दै अघि बढ्नुपर्ने बताए ।

उनले राजनीतिक क्षेत्रमा आएको परिर्वतन अनुसार सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरण गर्न नसकेका कारण त्यसले प्रतिगमनको आधार तयार पार्दै गएको तर्क गरे । विगत देखिनै राजनीतिक सफलतालाई नै सम्पूर्ण सफलता ठान्ने र अंहकारी व्यवहार गर्ने प्रवृत्तिको अन्त्य हुन नसकेका कारण परिवर्तनलाई प्रतिगमनले उल्ट्याउने गरेको स्मरण गराउँदै उनले वर्तमान अवस्थामा पनि प्रतिगमन दोहोरिने हो कि भन्ने चिन्ता थपिएको बताए । राजसंस्थावादीहरु फेरि पनि जुर्मुराउने प्रयास गरिरहेको भन्दै विगतको इतिहास दोहोरिन नदिन सबैलाई सचेत हुन आग्रह गरे ।

राष्ट्रियसभा सदस्य देवेन्द्र दाहालले विकास निर्माणको क्रममा अलपत्र परेका कार्यक्रमहरुलाई समयमै सम्पन्न गर्ने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराए । समयमै निर्माण सम्पन्न नगर्दा वातावरण प्रतिकुल हुनुको साथै त्यसले सर्वसाधारण पनि मारमा पर्ने गरेकाले समयमै विकास निर्माणको कामहरु सम्पन्न गर्ने गरी अघि बढ्नुपर्ने बताए । उनले सरकारका कर्मचारी र सेवाग्राही दुवै प्रविधिमैत्री नहुँदा सेवाग्राहीले समयमा सेवा नपाएको तर्फ पनि गम्भीर बन्न आग्रह गरे ।

राष्ट्रियसभा सदस्य भगवती न्यौपानेले राष्ट्रियसभाको बैठकमा जनताको सवालमा गरिने बहसलाई सकारात्मक रुपमा लिनुपर्ने बताइन् । उनले सबै आलोचना र सबै असहमति विमति र विरोध नहुने भएको विभिन्न विषयमा गरिने बहस र छलफललाई सकारात्मक रुपमा लिन आग्रह गरिन् । उनले मुलुकलाई समृद्ध बनाउनका लागि सार्थक बहस आवश्यक रहेको बताइन् । निरासा फैलाउने र उत्साह जगाउनेबीच, विकास र सम्मृद्धि चाहने र विकास र सम्मृद्धि नचाहनेबीच अन्तरविरोध श्रृजना भएको, गलत भ्रम श्रृजना गर्ने र सही देख्नेका बीच भ्रम श्रृजना भएको उल्लेख गर्दै उनले राष्ट्रियसभाले निरासाहरुमा आशाको मनोविज्ञान श्रृजना गर्नका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न आवश्यक रहेको बताइन् ।

राष्ट्रियसभा सदस्य शेखर कुमार सिंहले सप्तरीमा जंगली हात्ती र देशी अर्नाबाट किसानहरु आतंकित भएको भएको तर्फ सरकारको ध्यानाकर्षण गराए । उनले बर्षात सुरु हुनु अगावै सप्तरी देखि पर्सा सम्मको बाढी आतंकलाई नियन्त्रणको प्रयास गर्न माग गरे । विशेष समयमा बोल्ने अन्य राष्ट्रियसभा सदस्यहरुले समसामयिक र क्षेत्रगत विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए ।

# प्रधानमन्त्रीको स्वास्थ्य अवस्था सामान्य



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्य अवस्था सामान्य र सुधारोन्मुख रहेको अस्पतालले जनाएको छ । मिर्गौला प्रत्यारोपण गरिएको ९ औं दिन पनि ओलीको नियमित स्वास्थ्य परीक्षणलाई निरन्तरता दिएको चिकित्सकहरुले बताएका छन् ।

त्रिवि शिक्षण अस्पतालका कार्यकारी निर्देशक डा. प्रेमकृष्ण खड्गाले परीक्षणका नतिजाहरु सामान्य र सुधारोन्मुख रहेको बताएका हुन् । प्रधानमन्त्री ओलीको भाइटल र ल्याब सूचकहरु पनि राम्रो अवस्थामा रहेको उनले बताए ।

‘उहाँको स्वास्थ्यस्थिति सामान्य रहेको छ,’ अस्पतालले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘उहाँको प्रत्यारोपणपछि गरिने नियमित परीक्षणहरुलाई निरन्तरता दिइएको छ । परीक्षणका नतिजाहरु सामान्य र सुधारोन्मुख रहेका छन् ।’

गत हप्ताको बिहीबार मिर्गौलाको प्रत्यारोपण गराएका ओलीले नियमित आहार लिइरहेका छन् । ओलीलाई मृगौला दिने समीक्षा संग्रौलालाई डिस्चार्ज गरिए पनि उनलाई कहिले डिस्चार्ज गर्ने भन्ने विषयमा अस्पतालले केही बताएको छैन ।

प्रधानमन्त्री ओलीलाई अहिलेसम्म दुई जनाबाहेक अरुलाई भेट्नसमेत दिइएको छैन् । मृगौला दिने संग्रौला र प्रधानमन्त्रीका धर्मपत्नी राधिका शाक्य बाहेक अरुलाई भेट्न नदिइएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले बताए ।

# स्थानीय तहमा ठूला जमघट नगर्न निर्देशन

**काठमाडौं/मस-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मुलुकका सबै ७५३ स्थानीय तहलाई ठूला जमघट हुने खालका सामाजिक कार्य भोज, उत्सव एवं पर्वमा सहभागी नहुन सर्वसाधारणलाई आह्वान गर्न अनुरोध गरेको छ ।



मन्त्रालयले सबै स्थानीय तहलाई कोभिड-१९ को संक्रमण रोक्नका लागि ११ बुँदे ध्यानाकर्षण पत्र पठाउँदै ठूला जमघटका कार्यक्रममा सर्वसाधारणलाई सहभागी नहुन अनुरोध गर्न आग्रह गरेको मन्त्रालयका सहसचिव वसन्त अधिकारीले जानकारी दिए ।

मन्त्रालयले मानिसको ठूलो जमघट हुने सिनेमा हल, बसपार्क, पार्टीप्यालेस तथा सामूहिक बसोबास हुने अपार्टमेन्ट जस्ता स्थानमा स्वास्थ्यकर्मी टोली खटाई समयसमयमा परीक्षण गर्ने व्यवस्था मिलाउनेसमेत स्थानीय तहलाई आग्रह गरेको छ ।

मन्त्रालयले कोभिड-१९ को संक्रमण नियन्त्रणमा नआएसम्म नेपाल प्रवेश गर्ने मुख्य सीमानाकामा उच्च सतर्कता अपनाई नेपाल प्रवेश गर्ने सबै यात्रुको स्वास्थ्य जाँच/स्क्रिनिङको कार्यलाई प्रभावकारी गर्न निर्देशन दिएको छ ।

स्थानीय तहमा रहेका सबै अस्पताल, स्वास्थ्य केन्द्रमा उपलब्ध क्षमतालाई ध्यानमा राखी आकस्मिक अवस्थामा प्रयोग गर्न सकिने गरी आवश्यकमात्रामा छुट्टै श्ययाको व्यवस्था मिलाउन, बिरामीको प्रारम्भिक जाँच, परीक्षण गर्ने र सघन जाँच परीक्षण गर्नुपर्ने देखिएमा प्रादेशिक तथा केन्द्रीय अस्पतालमा रिफर गरी व्यवस्था मिलाउनसमेत अनुरोध गरेको छ ।

मन्त्रालयले सबै स्थानीय तहलाई कोभिड-१९ को संक्रमण, यसको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सचेतनासम्बन्धी जनहितका सूचना जारी गरी प्रचारप्रसार गर्ने/गराउने, स्यानिटाइजर, मास्क, औषधि एवं अत्यावश्यक सामग्रीलगायत दैनिक उपभोग्य अन्य वस्तुको बजारमा नियमित एवं सहज आपूर्तिको व्यवस्था तथा बजार स्वच्छता कायम राख्न स्थानीय तहबाट सम्बन्धित निकायसँग समन्वय गरी बजार अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी बनाउनसमेत आग्रह गरेको छ ।

यस्तै छिमेकी मित्रराष्ट्र भारतसँग जोडिएका मुख्य नाका पशुपतिनगर, काँकरभिट्टा, जोगबनी, जयनगर, रक्सौल, सुनौली, जमुनाह, गड्डा ा क लगायउ ा र ाष्ट्रिय मापदण्डअनुरूप स्वास्थ्य कक्ष स्थापना गरी स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने सबै यात्रुको स्वास्थ्य परीक्षण गर्न, सीमावर्ती क्षेत्रमा अत्यावश्यक काममा बाहेक आवतजावत नगर्न नेपाली नागरिकलाई सूचित गर्न मन्त्रालयले स्थानीय तहलाई अनुरोध गरेको छ ।

# छ अस्पतालमा ‘आइसोलेशन वार्ड’ स्थापना गर्न निर्देशन

**भक्तपुर/मस-** भक्तपुर नगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालनमा रहेका छ अस्पताललाई ‘आइसोलेशन वार्ड’ स्थापना गर्न आग्रह गरेको छ । नगरपालिकाले जिल्लामा सञ्चालन भएका भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र, डा इवामुरा मेमोरियल अस्पताल, सिद्धि स्मृति महिला तथा बाल अस्पताल र जनस्वास्थ्य केन्द्रलाई कोरोना भाइरस (कोभिड-१९) को संक्रमित भेटिएमा स्वास्थ्य परीक्षण गर्न छुट्टै श्ययाको व्यवस्था गर्न पत्राचार गरेको छ ।



नगरपालिकाले कोभिड-१९ को संक्रमण विश्वव्यापी रुपमा फैलिरहेको र छिमेकी मुलुकमा यसको प्रभाव बढ्दै जाँदा नेपाल पनि उच्च जोखिममा रहेको ठहर गर्दै यसको संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रणका लागि यस नगरपालिका क्षेत्रभित्र रहेका सबै अस्पताल र स्वास्थ्य केन्द्रमा उपलब्ध क्षमतालाई ध्यानमा राखी आकस्मिक अवस्थामा प्रयोग गर्न सकिने गरी आवश्यक न्यूनतम मात्रामा छुट्टै श्ययाको व्यवस्था मिलाउन अस्पताललाई पत्राचार गरिएको नगरप्रमुख सुनिल प्रजापतिले जानकारी दिए ।

उनले भक्तपुरमा कोरोना संक्रमित व्यक्ति भेटिए बिरामीको प्रारम्भिक जाँच, परीक्षण गर्ने र सघन जाँच परीक्षण गर्नुपर्ने देखिएमा प्रादेशिक तथा केन्द्रीय अस्पतालमा सिफारिस गरी पठाउने व्यवस्था गर्न तथा कोभिड-१९ को संक्रमण, यसको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्न अनुरोध गरिएको जानकारी दिए ।

# राप्रपा अध्यक्षत्रयद्वारा पदबहाली

**काठमाडौं/मस-** पार्टी एकतापछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्षत्रय पशुपतिशम्शेर जबरा, डा प्रकाशचन्द्र लोहनी र कमल थापाले चाबहिलस्थित पार्टी कार्यालयमा बिहीबार पदबहाली गरेका छन् । थापा नेतृत्वको राप्रपा र राणा र लोहनी नेतृत्वको राप्रपा संयुक्तबीच बुधबार एकीकरण भएपछि बिहीबार नेतात्रयले पदबहाली गरेका हुन् ।




सो अवसरमा अध्यक्ष राणाले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले देश र जनताको हितमा काम गर्न नसकेका कारण राष्ट्रवादी प्रजातन्त्रवादी शक्तिको खाँचो भइरहेको बताए । अर्का अध्यक्ष लोहनीले मुलुकमा विधिको शासन कायम हुन नसक्दा दण्डहीनता बढेको र भष्टाचार मौलाउँदै गएकामा चिन्ता व्यक्त गर्दै देशमा अहिले राजसंस्थासहितको प्रजातन्त्र आवश्यक भएको दावी गरे । अध्यक्ष थापाले निजी स्वार्थभन्दा माथि देश र पार्टी रहनुपर्ने बताउँदै कार्यकर्ताको दबाबमा एकता सम्भव भएकाले विगतका गल्तीबाट पाठ सिक्दै अब पार्टी नफुटाउने प्रतिबद्धता व्यक्त गरे ।

राप्रपा (संयुक्त) र राप्रपाबीच एकीकरण गर्ने सहमतिका साथ गत शनिबार सम्झौतापत्रमा हस्ताक्षर गरिएको थियो । एकीकरणसम्बन्धी आधारपत्रमा, संविधानमा रहेका असहमतिमा कायम राख्दै पार्टीको आदर्शलाई अगाडि बढाउने उल्लेख छ । हिन्दू राष्ट्र कायम गर्नेलगायतलाई राप्रपाको मूल सैद्धान्तिक आधारको रुपमा स्वीकार गरिएको छ । आगामी महाधिवेशनसम्म अध्यक्षत्रय कायम रहने छन् ।

# सिद्धार्थ राजमार्ग दैनिक आठ घण्टा बन्द हुने

**पाल्पा/मस-** पाल्पा-बुटवल सडकखण्डअन्तर्गतको सिद्धार्थ राजमार्ग दैनिक आठ घण्टा बन्द हुने भएको छ । राजमार्गको घुम्ती कटान गरेर सडक स्तरोन्नति गर्न आगामी चैत १ देखि १२ गतेसम्म दैनिक आठ घण्टा बन्द गरिँदैछ ।



घुम्तीका कारण दुर्घटना बढ्न थालेपछि १२ दिनसम्म आंशिकरुपमा भए पनि सडक बन्द गरेर घुम्ती कटान गर्न लागेको सडक डिभिजन कार्यालय पाल्पाले जनाएको छ । राजमार्ग पुनःस्थापना तथा स्तरोन्नति कार्यक्रमअन्तर्गत घुम्ती काट्न लागिएको हो । जोखिमपूर्ण घुम्ती व्यवस्थापन गर्नका लागि समय तालिका तोकेर सडक बन्द गर्न लागिएको छ ।

चैत १ गतेदेखि बिहान ७:०० देखि ९:०० बजेसम्म, दिउँसो १२:०० देखि ३:०० बजेसम्म र राति ८:०० देखि ११:०० बजेसम्म सडक बन्द हुनेछ । दैनिक तीन समयमा सडक बन्द हुने भएको हुँदा सो समयमा काम हुने ठाउँको नजिक बढी भिडभाड नगरी ट्राफिक नियमको पालना गरी सहयोग गरिदिन जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख पृथ्वीनारायण काफ्लेले अनुरोध गरेका छन् ।

सिद्धार्थ राजमार्ग भएर पाल्पा, बुटवल, स्याङ्जा, पोखरा, बाग्लुङ, पर्वत, गुल्मीलगायतका धेरै जिल्लामा दैनिक सयौँको संख्यामा सवारी साधन आवतजावत गर्छन् । यस सडकखण्डमा घुम्ती र पहिराका कारण धेरैले ज्यान गुमाउनुपरेको छ ।

# हत्या आरोपमा बाबु-छोरा पक्राउ

**सप्तरी/मस-** चौध वर्षअघि हत्या गरेको आरोपमा फरार रहेका बाबु-छोरा आज पक्राउ परेका छन् । सप्तरीको तिरहुत गाउँपालिका-४ डिमनका दिलीपकुमार यादवलाई गोली हानी हत्या गरेको आरोपमा फरार रहेका सोही ठाउँका ५३ वर्षीय सुकदेव यादव र उनका छोरा ३७ वर्षीय विनोदकुमार यादवलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय कञ्चनरुपका प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रले जानकारी दिए ।


आरोपितले विसं २०६२ असोज १७ गते गोली हानी हत्या गरेको आरोपमा इलाका प्रहरी कार्यालय कञ्चनरुपमा उनीहरुविरुद्ध कर्तव्य ज्यानको उजुरी दर्ता गरेको थियो । घटनालगत्तै फरार रहेका सुकदेव यादवको परिवार सुनसरीको इनरुवा नगरपालिका-९ बबिया गई बसोबास गर्न थालेका थिए । प्रहरीका अनुसार उनीहरुलाई सुनसरीको इनरुवा-९ स्थित घरबाट पक्राउ गरिएको हो । पक्राउ परेका आरोपितलाई आज साँझ सुनसरीबाट सप्तरी ल्याइएको र इलाका प्रहरी कार्यालय कञ्चनरुपमा नियन्त्रणमा राखिएको छ ।


**फ्रेण्ड्स सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**

गोदावरी न.पा.वडा नं.१२, ठेचो, ललितपुर , फोन नं.०१-५५७१७४०

**कर्जा चुक्ता गर्न आउने तथा**
**धितोमा रहेको अचल सम्पत्ती लिलाम विक्री सम्वन्धि ३५ दिने सूचना**

यस सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणिले ऋण कर्जा लिंदा सहकारी संस्था संग भए गरेका शर्त कबुलियत लिखत बमोजिम भाखामा कर्जाको सावा, व्याज, हर्जाना र अन्य दै दस्तुर समेत चुक्ता भुक्तान नगरेकोले कर्जा रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित तर-ताकेता गरिएको साथै मिति २०७६/०८/२३,२०७६/१०/०२ गतेको नेपाल समाचारपत्रमा कर्जा चुक्ता गर्न तथा लिलाम विक्री वारे सूचना प्रकाशित गर्दा समेत सो को वेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नवुझाई सहकारी संस्था संगको शर्त बन्देज उलंघन गर्नु भएकोले कर्जा लिंदा तपसिलमा उल्लेखित संस्थालाई धितो लेखाई दिएको अचल सम्पत्ती कानून बमोजिम लिलाम विक्री गरी संस्थाको लेना रकम असुल गर्नङ्घपर्ने भएकोले धितो लिलाम सम्वन्धि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र संस्थालाई तिर्न वुझाउन सम्पूर्ण लेना रकम नतिरे नवुझाएमा ३६ औं दिन तपसिल वमोजिम धितोमा रहेको अचल सम्पत्ती लिलाम विक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिनेछ । साथै यो सूचना वमोजिम धितो सुरक्षण रहेको तपसिल वमोजिमको सम्पत्ती जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो सुरक्षणमा रहेको अचल सम्पत्ती लिलाम हुन नसकी संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुलउपर नभएमा असुलउपर हुन नसकेको र कमको हद सम्म सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली २०७५ वमोजिम प्रकृया अवलम्वन गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराइन्छ । धितोमा रहेको अचल सम्पत्ती चलनचल्तीको मोल कायम गर्न तथा लिलाम हुने दिन उपस्थित हुन ऋणि तथा जमानीकर्ताहरुलाई विशेष अनुरोध गरिन्छ ।

| ऋणिको नाम थर वतन | जमानीकर्ता | फोटो | धितो सुरक्षण रहेको सम्पत्ती र विवरण |
|---|---|---|---|
| **नेत्र बहादुर पौडेल**<br>बाबु :रामबहादुर पौडेल<br>बाजे : बुद्धि बहादुर पौडेल<br>ठेगाना : ललितपुर जिल्ला ले.ले गा.वि.स वडा नं ३ | **लक्ष्मी पौडेल**<br>ऋणिको (पत्नी)<br>सुनिल पौडेल (छोरा) |  | नेत्र बहादुर पौडेल र लक्ष्मी पौडेलको नाममा मा.पो.का. ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ले.ले गा.वि.स वडा नं. ३ (ग)कि.नं १२८ क्षे.१-७-०-० जग्गा र सोले चर्चेको लिगलगापात समेत ......... |

**लिलाम विक्रीको शर्त तथा वन्देजहरुः**

१. वोलपत्र फाराम यस संस्थावाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।
२. लिलाम कार्य मिति २०७७/०१/०५ गते शुक्रबार दिनको १०.३० वजे देखि २:०० सम्म संस्थाको कार्यालयमा हुनेछ । सो दिन विदा परेमा सो को भोलिपल्ट सोहि समय र स्थानमा हुनेछ ।
३. वढि रकम वोलकवोल गर्नेको वोलपत्र स्वीकृत भएमा सो रकमको १०% नगद संस्थामा धरौटी जम्मा गरी वाँकी रकम ३५ दिन भित्र जम्मा गरी स्वामित्व हस्तान्तरण गरि लिनुपर्नेछ ।
४. सो म्याद भित्र वाँकी रकम जम्मा गरी स्वामित्व हस्तान्तरण गरि लिन नसकेमा धरौटी रकम जफत हुनेछ ।
५ कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा वोलपत्र स्वीकृत गर्ने, नगर्ने स्वीकृत वोलपत्र रद्द गर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. लिलाम वोलकवोल गरेको रकममा धरौटी वापत वुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/वदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग्न पाइने छैन ।
७. अन्य जानकारी कार्यालय समयमा संस्थावाट लिन सकिनेछ ।



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

**कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.**

**Cosmo Nepal Travel And Tours (P.) Ltd.**



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

### नवप्रवर्द्धनको पक्षमा

कोरोना भाइरस (कोभिड-१९) लाई विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले महामारीको संज्ञा दिएको छ । डब्लूएचओका प्रमुखले कोरोनाले विश्वव्यापी महामारीको रूप लिएकाले आक्रामक भएर लड्न आग्रह गरेका छन् । नियन्त्रण असम्भव नभए पनि ११५ मुलुकमा फैलिसकेको कोरोनाको प्रकोप असामान्य अवस्थामा गइसकेको डब्लूएचओले निष्कर्ष निकालेको छ । डब्लूएचओले यसअगाडि नै नेपाललाई कोरोना संक्रमणको उच्च जोखिममा रहेको देश भनी उल्लेख गरिसकेको छ । डब्लूएचओको पछिल्लो निर्णय आएकै दिन नेपाल सरकारले स्थलगत आवागमनदेखि हवाई उडानसम्म बन्द गर्ने निर्णय सार्वजनिक गरेको छ ।

सरकारले अत्यावश्यकीय सामग्रीबाहेक स्थलगत आवागमनका अन्तर्राष्ट्रिय सीमानाका बन्द गर्ने निर्णय गरेको छ भने उच्च संक्रमण रहेको देशहरूको हवाई उडान बन्द गर्ने निर्णय गरेको छ । आन्तरिक सुरक्षालाई समेत मजबुत बनाउने निर्णय स्वास्थ्य मन्त्रालयले बिहीबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ । तर, यसको दुई दिनअगाडि मात्रै यातायात व्यवस्था विभागले भने नवप्रवर्द्धनका रूपमा सञ्चालित टुटल र पठाओजस्ता सेयरिङ राइडिङ बन्द गर्ने गरी सूचना जारी गरेको छ । यातायात व्यवस्था ऐन-२०४९ लाई आधार मान्दै विभागले टुटल र पठाओजस्ता राइडिङ बन्द नगरे आवश्यक कारबाहीको चेतावनी समेत दिएको छ । तीव्र रूपमा विकसित हुँदै गएको र आमपंक्तिले व्यापक प्रयोग गर्न थालेको यस्ता सेवा बन्द गर्नुको पछाडि भने कानूनी प्रावधानलाई आधार मानिएको छ ।

जबकि, टुटल र पठाओको पृष्ठभूमि मुलुकको असहज परिस्थितिसँग जोडिएको छ । ०७२ को नाकाबन्दीका बेला आम मानिसको आन्तरिक आवागमनलाई सहज बनाउन यस्ता सजिलो सेवा सुरू भएको थियो । नाकाबन्दीजस्तो संकटको पृष्ठभूमिबाट अगाडि बढेको टुटल र पठाओ अहिले कोरोनाको संकटका बेला रोक्ने सरकारी निर्णय सार्वजनिक भएको छ । हुन त यसअगाडि पनि विभागले ट्याक्सी व्यावसायीको दबाबमा यस्तै प्रकृतिको सूचना जारी गर्ने गरेको थियो । तर कहिले मन्त्री त कहिले प्रधानमन्त्रीले टुटल र पठाओ सञ्चालनमा रोक नलगाउन ठाडो आदेश दिँदै आएका थिए ।

अहिले फेरि तिनै व्यावसायीको दबाबमा विभागले यस्तो अप्रिय निर्णय लिएको बुझ्न गाह्रो पर्दैन । तर, विभाग र सरकारी अधिकारीहरू मुलुक संकटमा परेका बेला यस्ता निर्णय लिनु भन्दा पनि नियमनकारी कानून निर्माणमा जोड दिनुपर्छ । किनभने, नवप्रवर्द्धनले सधैं नयाँ कानूनी व्यवस्थाको माग गर्दछ । त्यसैले यस्ता नवप्रवर्द्धन बन्द गराउनेतिर भन्दा पनि कानूनी दायरामा ल्याउनेतिर जोड गर्नुपर्दछ । अहिले मुलुक जस्तो अवस्थातिर धकेलिँदैछ, त्यस्तो समयमा विभागले गरेको निर्णय फिर्ता लिनुको अर्को उचित विकल्पसमेत देखिँदैन ।

## सामाजिक सञ्जाल



समाचार नपाए नलेखौं तर सामन्य रूघाखोकी तथा निमुनियाँको बिरामीलाई समेत कोरोनाको आशंका भन्दै समाचार बनाएर नकरात्मक सन्देश नदिऔं । बरू कोरोना भाइरसको संक्रमण हुनबाट बच्ने उपायहरूलाई नै प्राथमिकताका साथ संप्रेषण गरौं ।

- धनराज गुरुङ



कांग्रेसी त यस्तै हुन कि कडा, २४ घन्टामा १८ घन्टा गणेश झै प्रधानमन्त्री ओली वरिपरि फन्का लगाउने गोल्डेन गेटका सिलवाल(राखेप) अनि जेभियर ईन्टरनेशनल स्कुलका भण्डारी(स्काउट)ले चाहिँ सरकारी स्कुल भन्दा सस्तो शिक्षा दिएका होलान् त्यसको पनि खोज गरौं है ।

– शिव दाहाल



गाँजा खेतीपछि मुलुक मालामाल हुन्छ । गरिबी उन्मूलन हुन्छ । वैदेशिक रोजगारमा गएका सबै फर्कन्छन् । यस्ता फन्टुस कुरा बन्द गरौँ । अनुसन्धान के हो ? उपयोगिता के हो ? बजार के हो ? अन्तर्राष्ट्रिय अनुबन्धनबाट पछि हट्न सम्भावना कति हो ? मुख्य कुरा –राज्यको औपचारिक धारण के हो ? बतासे कुरा नगरौँ !

– नारायण काफ्ले



'स्वास्थ्य लाभ गरिरहेका प्रधानमन्त्री ओलीको एउटा फोटो सार्वजनिक गर्न पनि विद्वान सचिवालयले किन कन्जुसी गरेको ?' भनेर प्रधानमन्त्रीको कुनै सुभेच्छुक नागरिकले सोध्यो भने उसलाई के जवाफ दिनु उपयुक्त होला ?

– रूपेश श्रेष्ठ

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# रेमिट्यान्सले धानेको नेपाली अर्थतन्त्र



■ नन्दलाल खरेल

> पछिल्लो पाँच वर्षयता हरेक दिनजसो ३ जना नेपाली कामदारले विदेशमा ज्यान गुमाएका छन् । यो संख्या बढ्दो दरमा छ । आर्थिक वर्ष २०६५/०६६ मा ९० जनाको मृत्यु भएकोमा २०७०/०७१ मा ८ सय ८८ पुगेको थियो ।

पछिल्ला दिनहरुमा सञ्चार माध्यमहरुमा दैनिकजसो 'सुटकेस बोक्ने ट्रलीमा कफिन', 'बन्द बाकसमा फिर्ता' जस्ता समाचार प्रकाशित/प्रसारित भइरहेका पाइन्छ । केही वर्ष अघिसम्म 'कफिन' शब्दको अर्थसँग धेरै नेपाली अनभिज्ञ थिए । यद्यपि रेमिट्यान्सका विषयमा सबैजसो नेपालीलाई थाहा छ । अझै प्रत्येक दिन झन्डै १ हजारको हाराहारीमा युवाहरू कामको खोजीमा विदेश पलायन भएका छन्, तर थोरैलाई थाहा छ, तिनै युवाहरू बन्द बाकसमा शवका रूपमा (कफिन) प्रत्येक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा औसतमा सरदर ३ जना भित्रिन्छन् । विमानस्थलमा कफिन ओसार्न सजिलो हुने ट्रलीको व्यवस्था छैन । सरकार समृद्ध नेपाल सुखी नेपालीको एकोहोरो नाराको रटान दिइरहन्छ, तर अन्तर्राष्ट्रिय विमानस्थलमा सुटकेस ओसार्ने ट्रलीमा कफिन ल्याउनुपरेको छ । यो ज्यादै लज्जा र संवेदनहीनताको कुरा हो । त्यतिमात्र होइन, शोकविह्वल परिवारजनले शव बुझ्न विमानस्थल पुगेका बेला खेप्नुपर्ने सास्तीप्रति राज्य संयन्त्र भने बिल्कुलै संवेदन शून्य र अमानवीय देखिन्छ ।

अलिकति प्रसङ्ग खोलौं, विदेशी भूमिका पसिना पोखेर आफ्नो परिवारको उज्ज्वल भविष्यको सपना साकार पार्न नारायणप्रसाद पोखरेल अबुधाबी गएका थिए । विधिको विडम्बना तिनै नारायण पोखरेलको २०७६ असोज १३ गते विदेशी भूमिमै काम गर्दाको अवस्थामै सवारी दुर्घटनामा परेर मृत्यु भएको थियो । मृतकको लास आउँदैछ भन्ने समाचार पाएपछि त्यो कफिन लिन नवलपरासीको शिवघाटबाट नारायणप्रसादका बुवा विनोद पोखरेल काठमाडौं आइपुगे । उनी यहाँ आइपुग्दा अत्यन्त भावविह्वल र शोकमा थिए । छिमेकी सञ्जीव खनाल र आफन्तको साथ लागेर उनी बिहानै साढे सात बजे विमानसथल पुगे । विमानस्थल पुगेका विनोदले त्यहाँ एकैछिन सुस्ताउने ठाउँ पनि पाएनन् । छटपटिँदै केही घण्टा कुरेपछि कफिन आइपुग्यो । कफिन बोक्ने हाम्रो विमानस्थलमा ट्रलीको व्यवस्था गरेको छैन । यस्तो अवस्थामा सानो ट्रलीमा कफिनलाई विमानस्थलबाहिर ल्याउनुपर्ने भयो । त्यस्तो ट्रली विनोदले कहिल्यै गुडाएका थिएनन् । दुईवटा ट्रलीमा कफिनलाई सन्तुलन मिलाएर यात्रुको भीडमा छिचोल्दै बाहिर निस्कँदा एक यात्रुको सुटकेसमा छोइयो । ती यात्रुले रिसाएझैं गरेर उनलाई हेरे । विनोदले शोकको कुरा बताउँदै माफी मागे, 'ट्रलीलाई सीधा गुडाउँदा ढोकामा कफिन ठोक्किँदो रहेछ । छड्के पारेर कफिनलाई बाहिर निकाल्दा गाह्रो हुँदो रै'छ ।'

मुलुकको अर्थतन्त्र खुन र पसिनासँग साटेको रेमिट्यान्सबाट सुरक्षित छ । तर, ती युवा आफैं भने असुरक्षित छन् । वैदेशिक रोजगारीमा गएकाहरूको मृत्यु र अङ्गभङ्गको आयतन डरलाग्दो छ । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका अनुसार आर्थिक वर्ष २०६५/०६६ देखि २०७५/०७६ को वैशाखसम्म ७ हजार ४ सय ६९ नेपाली कामदारले विदेशमा ज्यान गुमाएका छन् । यो तथ्याङ्क श्रम स्वीकृत लिएर जाने कामदारको मात्रै हो । अवैध बाटोबाट वैदेशिक रोजगारीमा जानेको संख्या पनि धेरै छ । तैपनि सरकारले वैदेशिक रोजगारलाई कहिले सुरक्षित बनाउने हो, यसै भन्न सकिने अवस्था छैन ।

आज पनि कतिपय अवस्थामा कुनै पनि दलितको श्रम र सीप चल्छ, तर पानी चल्दैन । त्यस्तै गरेर युवाले पठाएको रेमिट्यान्सले देश चलेको छ, तर तिनै युवा विदेशमा मृत्यु हुँदा उनीहरूको मृत्युको कारण न खोजिएको छ, न ती मृतक युवाको लासलाई सहज हिसाबले आफन्तजनलाई बुझाइएको छ । मुलुक हँसिया र हथौडाको नेतृत्वमा सञ्चालित छ । सञ्चालित मात्र होइन, सरकार शक्तिशाली पनि छ । सम्भवतः यो सरकार जङ्गबहादुरको शासनकालपछिको शक्तिशाली सरकार हो । यो शक्तिशाली कम्युनिष्ट सरकारले 'समृद्ध नेपाल सुखी नेपाली' को नारा अघि सारेको छ, तर विदेशमा मृत्यु भएका युवाको लास 'कफिन' लाई सहज ढंगबाट आफन्तजनलाई बुझाउन सकेको छैन । यो ज्यादै लज्जाको विषय हो । शक्तिशाली सरकारले यो सानो संवेदनशील विषय हल गर्न सक्नुपर्थ्यो ।

राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनअनुसार विदेशमा मृत्यु हुने नेपाली कामदारको संख्या हरेक वर्ष वृद्धि भएको छ । १० वर्षमा मृतकको संख्या ८ सय प्रतिशतले बढेको छ । पछिल्लो पाँच वर्षयता हरेक दिनजसो ३ जना नेपाली कामदारले विदेशमा ज्यान गुमाएका छन् । यो संख्या बढ्दो दरमा छ । आर्थिक वर्ष २०६५/०६६ मा ९० जनाको मृत्यु भएकोमा २०७०/०७१ मा ८ सय ८८ पुगेको थियो । त्यस्तै गरेर २०७४/०७५ मा ८ सय २१ ले ज्यान गुमाएकोमा २०७५/०७६ को वैशाखसम्ममा ६ सय २५ जनाको मृत्यु भएको छ ।

मानवजीवनको सबैभन्दा गतिशील अवस्था युवा हो । युवा इतिहासका सर्जक, युगका अग्रगामी तागत, क्रान्तिका वाहक तथा देशका रक्षक हुन् । त्यतिमात्र होइन, युवा आर्थिक उत्पादन र विकासका मेरुदण्ड पनि हुन् । युवा स्वयंमा कुनै वर्ग होइन । मानव जीवनको एउटा उमेर समूहको तप्का हो । माओले युवातर्फ संकेत गर्दै भनेका थिए, 'संसार तिमीहरूको हो, किनकि तिमीहरू उठाउँदो सूर्य हौ भने हामी अस्ताउँदो ।' तर, नेपालमा शासन सत्तामा गएका कम्युनिस्ट नेताहरू प्रचण्ड र ओलीले हिजो सडकमा हुँदा साम्राज्यवाद र विस्तारवादको विरुद्धमा लड्ने उद्घोष गरेका थिए । तर, आज तिनै मुलुकहरूमा नै हाम्रा युवाहरूलाई अत्यावश्यक आवश्यकता पूर्ति गर्नका लागि गुलाम बन्न बाध्य बनाएका छन् । यो ज्यादै दुःखको कुरा हो ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका अनुसार सन् २००८/०९ देखि २०१४/१५ सम्म वैदेशिक रोजगारीमा मृत्यु भएका कामदारमध्ये २१.८ प्रतिशतको मृत्युको कारण मुटुरोग, १९.६ प्रतिशतको सामान्य मृत्यु र १८.६ प्रतिशतको मृत्यको कारण नखुलेको देखिन्छ । वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारको अंगभंग र मृत्युमाथि विश्लेषण गर्दै सन् २०१६ को एसिया प्यासिफिक जर्नल अफ पब्लिक हेल्थमा प्रकाशित अध्ययन प्रतिवेदनले नेपाली कामदारको मृत्युलाई अस्वाभाविक ठानेको छ । सर्वोच्चले कामदारको मृत्यु भए पोस्टमार्टमको व्यवस्था अनिवार्य नगरी गन्तव्य मुलुकसँग श्रम सम्झौता नगर्न समेत भनेको छ । अहिले पनि खाडी मुलुकहरूमा हाम्रा युवाहरू कामदारका रूपमा अस्वाभाविक मृत्यु हुँदा पोस्टमार्टम गर्न नपाउने स्थिति कायमै छ । ती मुलुकहरूबाट शव ल्याउन महिनौं लाग्ने गरेको छ । अनेकौं कठिनाइसित जुधेर फिर्ता भएको शव पनि सजिलो तरिकाबाट आफन्तले बुझ्न पाइरहेका छैनन् । यो कस्तो संवेदनहिनता हो ?

सरकारले युवालाई विदेश पठाएर गर्व गर्नेभन्दा पनि देशभित्र रोजगारी सिर्जना गर्ने कार्यक्रम ल्याउनुपर्छ । सरकारले पाँच वर्षभित्र रोजगारीका लागि विदेश जानुपर्ने परिस्थिति अन्त्य गर्ने घोषणा गरेको छ । तर, त्यसको कार्यान्वयन सरकारले कुनै योजना बनाएको छैन । मुलुकको समृद्धिको सूत्र रेमिट्यान्स होइन । रेमिट्यान्सले परनिर्भरता बढाउने गर्छ । जुन देशले युवाहरूको परिश्रम, सीप, क्षमता प्रयोग गर्न सक्दैन । तबसम्म मुलुक समृद्ध हुन सक्दैन । देश चलाउने मुख्य चालक शक्तिलाई देशमै रोजगारी सिर्जना गर्नुको सट्टा रेमिट्यान्सबाट देश चलाउने घृणित नालायक नीतिले देश संसारकै सबैभन्दा कंगाल राष्ट्रका रूपमा दर्ज भएको छ । तसर्थ मुलुकलाई स्वाधीन र सम्पन्न बनाउने हो भने युवा निर्यात होइन, नेपाली वस्तु तथा सेवा निर्यात गरी विश्व बजारमा पुऱ्याउनु अपरिहार्य देखिन्छ ।

अन्त्यमा सरकारले आर्थिक वर्ष २०७६/०७७ का लागि १५ खर्ब ३२ अर्बको बजेट विनियोजन गरेको छ । गत आर्थिक वर्ष तिनै युवाले पठाएको रेमिट्यान्स पौने ९ अर्ब छ । समृद्धि उडानमा आफूलाई कुशल पाइलटका रूपमा प्रस्तुत हुने प्रधानमन्त्री ओलीले आफ्नो गृहनगरी झापा त्यसमा पनि आफ्नो निर्वाचन क्षेत्र-५ को दमकमा भ्यू टावर निर्माण सुरु गर्न, मुलुककै ठूलो ओद्योगिक क्षेत्र निर्माण गर्न, प्रदेशकै ठूलो सभाहल बनाउन, विश्वकै अग्लो बुद्धमूर्ति बनाउन, ठूला-ठूला सडकहरू निर्माण गर्ने लगायत अनेकन परियोजना पुरा गर्न ६४ अर्बबराबरको लगानी स्वीकृत गराएका छन् । तर, विदेशमा काम गर्ने सवालमा मृत्यु भएर आएको तिनै युवाको शव 'कफिन'लाई राखेर बाहिर निकाल्ने ट्रलीलाई केही लाख बजेट विनियोजनको व्यवस्था गर्न सक्दैनन् हाम्रा प्रधानमन्त्री । युवाहरूले प्रधानमन्त्रीको कामको मूल्यांकन गर्ने बेला आएको छ ।


**तमसुक पुस्तक समीक्षा**

# घरदेशदेखि परदेशसम्मको जीवन भोगाइको दस्तावेज

**विषयबस्तुका हिसाबले पदमले तमसुकभित्र कतै आर्थिक, सामाजिक विभेद लेखेका छन्, कतै रगत उम्लने गरी साहुको थिचोमिचो देखाएका छन् । कतै समयको कालखण्डमा मुलुकले भोगेको युद्धको त्रासद् घाउ कोट्याएका छन् ।**



डा. ऋषि बस्ताकोटी




नेपाली साहित्यमा मूलतः कवि तथा साहित्यिक संगठकको परिचय बनाएका पदम विश्वकर्मा 'तमसुक' लिएर कथा साहित्यको बजारमा प्रवेश गरेका छन् । शिख बुक्सले ०७६ वैशाखमा बजारमा ल्याएको तमसुकभित्र पदम विश्वकर्माका घरदेशदेखि परदेशसम्ममा जीवन भोगाइका विविध आयाम समेटिएका २३ कथाहरू संग्रहित छन् ।

लमजुङको धमिलिकुवामा निम्न मध्यम वर्गीय परिवारमा जन्मी हुर्केर समाजशास्त्र र मानवशास्त्रमा स्नातकोत्तर गरी दस वर्षसम्म नेपाल रेडक्रस सोसाइटीमा कार्यक्रम अधिकृतको रूपमा काम गरेका र विगत करिब दुई दशकदेखि अमेरिकाको कोलोराडोमा बसोबास गर्दै आएका पदमले जीवनमा अनेक रंगका भोगाइहरू भोगेका छन् । अनेक बान्कीहरू देखेका छन् । नेपालमा हुँदा पदमले अध्ययन र रोजगारीको सिलसिलामा देशका गाउँदेखि सहरसम्म डुलेर नेपाली समाजको आर्थिक, सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक पक्ष नजिकैबाट अनुभूत गरेका छन् ।

अमेरिका प्रवाशनपछि सुरुका दिनमा आफू स्थापित हुन उनले पनि आमआप्रवासीजस्तै अनेक दुःख-कष्ट भोगेका छन् । अनेक हण्डर-ठक्कर खाएका छन् । उनी रोजीरोटी र व्यक्तिगत सुखसयलका लागि मात्रै पछि नदौडेर विभिन्न सामाजिक तथा साहित्यिक संस्थाहरूमा क्रियाशील छन् । उनी दुई कार्यकालसम्म अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको अध्यक्ष भई नेपाली साहित्यको विश्वव्यापीकरणमा सक्रिय रहे । हाल अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको बोर्ड अफ ट्रष्टीको उपाध्यक्ष छन्, उनी । पदम जातीय भेदभावविरुद्ध विश्वमञ्चको वरिष्ठ उपाध्यक्षको रूपमा जातीय विभेदविरुद्धको सामाजिक आन्दोलनमा पनि क्रियाशील छन् । यसरी जीवनको पाँच दशकको अवधिमा धमिलिकुवाको गाउँदेखि सपनाको देश भनिने अमेरिकाको कोलोराडोसम्म आइपुग्दा देखेका, भोगेका र अनुभूत गरेका कुराहरूलाई पदमले तमसुकभित्रका कथाहरूमा सरल र मिठासपूर्ण तरिकाले बुनेका छन् ।

पदमले २३ थान कथाभित्र आफूले देखेको भोगेको समाज इमान्दारीपूर्वक लेखेका छन् । उनका कथाका पात्रहरूले पाठकलाई कहिले लमजुङ, तनहुँ र गोरखाका गाउँहरूमा डुलाउँछन्, चेपे, मादी र मर्स्यांदीका किनारै-किनार हिडाउँछन् । काठमाडौं, पोखरा र धरान डुलाउँछन् । पात्रहरूसँगै दुःख र ऋणको भारी बोकेर कहिले अरबको खाडी पुग्न पाइन्छ त, कहिले मीठा-मीठा सपना बोकेर बेलायत र अमेरिका सयर गर्न । पात्रहरूले आफूसँगै कहिले टेक्सास पुऱ्याउँछन् त कहिले लसएन्जलस घुमाउँछन् । कहिले नेब्रास्का र मिनेसोटा देखाउँछन् । पदमका कथाहरूले कहिले शरणार्थी सपना बोकेर खुदुनावारीको शिविरदेखि अमेरिकाका विभिन्न सहरहरूमा भएका जीवन संघर्षका पेटारो फुकाउँछन् । दुर्व्यसनले बर्वाद पारेका जीवनका दर्दनाक व्यथा सुनाउँछन् ।

विषयबस्तुका हिसाबले पदमले तमसुकभित्र कतै आर्थिक, सामाजिक विभेद लेखेका छन्, कतै रगत उम्लने गरी साहुको थिचोमिचो देखाएका छन् । कतै समयको कालखण्डमा मुलुकले भोगेको युद्धको त्रासद् घाउ कोट्याएका छन् । पछिल्लो समय युवाशक्ति खाडीमा निर्यात गर्ने र रेमिट्यान्सको भरमा चल्दै गरेको कटु यथार्थ छ । यसले यौन विकृति, मनोसामाजिक व्यथा र पारिवारिक विखन्डनको सवाललाई पनि पदमले तमसुकका केही कथाहरूमा प्रस्ट पारेका छन् । विश्वव्यापीकरण र प्रविधिको पहुँचसँगै युवा पुस्तामा पलाउँदै आएका असीमित सपनाहरू, उपभोक्तावादी संस्कृति, सामाजिक आडम्बर, यौन विकृति पनि पदमका कथाका विषयवस्तु बनेका छन् । कुनै कथाले दलित र एकल महिलामाथि शक्तिको आधारमा हुने यौन शोषणलाई देखाएका छन् भने कुनै कथामा यौनलाई जीवनको अपरिहार्य आवश्यक पक्षको रूपमा लिएर यौन मनोविज्ञानको सुक्ष्म प्रस्तुति गरेका छन् ।

कथाकार स्वयं करिब दुई दशकदेखि अमेरिका बसोबास गर्छन् । सायद यसैले पनि होला, तमसुकभित्रका धेरैजसो कथाहरूमा कथाकार पदमले अमेरिकाको नेपाली जनजीवन लेखेका छन् । डिभी चिठ्ठामार्फत होस् या अन्य कुनै माध्यमबाट, ठूलो सपना बोकी अमेरिका आएका पहिलो पुस्ताको संघर्षको कथा लेखेका छन् । पात्रहरूको यान्त्रिक दिनचर्या, जीविकाका लागि क्रेडिटकार्ड घोट्न रातदिन तनावयुक्त जीवन, नयाँ ठाउँमा आएपछि नेपालीले भोगेका सामाजिक, सांस्कृतिक समस्या पदमले कथाहरूमा उजागर गरेका छन् । आप्रवासनसँगै आफ्नो वृत्ति विकास गर्नभन्दा पनि खुला समाजमा देखिएका विकृति र स्वच्छन्दपन मात्रै सिकेर मानसिक तनावमा फसेका एकखाले प्रवृत्तिको पनि पदमले पर्दाफास गरेका छन् । अमेरिकी परिवेशमा लेखिएका केही कथाहरूमा भने पदमले अमेरिकी मूल प्रवाहका पात्रहरूमार्फत अमेरिकी जीवनशैली, संस्कार र सामाजिक-पारिवारिक सम्बन्धलाई मिहीन रूपमा केलाएका छन् ।

नेपालीसन्दर्भका पाठकलाई अमेरिकी परिवेशको स्वाद चखाउने ल्याकत पनि कथाहरूमा छ । पदमले अर्का एक थरी कथामा हाम्रो समुदायका कथित वुद्धिजीवीहरू जति सुकै रूपान्तरणको नारा आलापे पनि, अरूलाई परिवर्तनको ठूलाठूला पाठ सिकाए पनि जातीय विभेदको पक्षपोषण गर्दै सामाजिक क्षेत्रमा अघि बढ्न लागेका पात्रहरूको आत्मसम्मानमा कसरी ठेस पुऱ्याइरहेका छन् भन्ने कुरा मर्मस्पर्शी तरिकाले प्रस्तुत गरेका छन् ।

तमसुकभित्रका कथाहरू हाम्रै कथा हुन् । हामीले वर्षौंदेखि देखेभोगेका हाम्रै समाजभित्रबाट टपक्क टिपिएका कथा हुन् । केही कथाका कथावस्तु पुरानो परिवेशका छन् । धेरैजसो विषयवस्तु भने बदलिँदो विश्व परिवेश र बदलिँदो समाजसँगै विकास भएका घटना परिघटनासँग सम्बन्धित छन् । संरचनाका हिसाबले सबैजसो कथाहरू घटनाप्रधान र विवरणात्मक लाग्छन् । कतिपय कथाहरूमा मनोवैज्ञानिक पक्ष राम्रैसँग घोलिएको छ । शैलीगत हिसाबले तमसुकका सबैजसो कथाहरू गुरूप्रसाद मैनालीलगायतले विकाश गरेको परम्परागत शैलीमै छन् । कथामा पात्रहरूको सुहाउँदो तरिकाले चयन गरिएको छ ।

## औषधि पसल अनुगमन

# उच्च रक्तचाप र मधुमेहको औषधिको अभाव

**भक्तपुर/मस–** कोरोना भाइरस (कोभिड-१९) को असरले बजारमा माक्स, सेनेटाइजर र औषधिको अभाव देखाई कालोबजारी गर्ने गरेको गुनासो आएपछि भक्तपुर नगरपालिकाले आज औषधि पसलहरुको अनुगमन गरेको छ ।

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा जगाति र च्याम्हासिंमा सञ्चालनमा रहेका औषधि पसलको अनुगमनको क्रममा उच्च रक्तचाप र मधुमेहको औषधिको अभाव भएको पाइएको छ । अनुगमनको क्रममा चाँगुनारायण पोलिक्लिनिक प्रालिका सञ्चालक सुजित श्रेष्ठले उच्चरक्तचाप र मधुमेहको औषधिको अभाव भएको बताए ।



त्यसैगरी अनुगमन गरिएका उक्त पोलिक्लिनिकलगायत जगाती मेडिकल हल, सुसा फर्मेसीमा क्लिनिक, नवदुर्गा औषाधि पसल, यातु औषाधि पसल, च्याम्हासिं मेडिकल हललगायतमा गरिएको अनुगमनमा औषधि अभाव हुन नदिन आवश्यकताभन्दा बढी बिक्री वितरण नगर्न र औषधि बिक्री गर्दा अनिवार्यरूपमा बिल दिएर रेकर्ड राख्न टोलीले निर्देशन दिएको अनुगमन समितिका सदस्य रामकृष्ण प्रजापतिले जानकारी दिए ।

अनुगमनमा जगाति मेडिकल हलमा औषधि तापक्रम मिलाएर राख्न, औषधिको लागि फ्रिज राख्न, पसलमा बस्ने व्यक्तिको औषधि व्यवस्था विभागको अनुमति प्रमाणपत्र अनिवार्य राख्न र क्लिनिक सञ्चालन गर्ने भए छुट्टै दर्ता गरेर सञ्चालन गर्न निर्देशन दिएको र लागुऔषध बिक्री वितरणबारे जानकारी लिएको अनुगमन समितिका संयोजक राजकृष्ण गोराले बताए ।

त्यस्तै नवदुर्गा औषधि पसलमा म्याद नाघेको औषधि भि-मेट ५०० दुई बट्टा र मेटा-एच ८५० दुई पाकेट बरामद गरी नष्ट गर्न निर्देशन दिएको छ । केही औषधि पसलमा बस्नेले औषधि व्यवस्था विभागको अनुमति प्रमाणपत्र नभएको पाइएकाले तत्काल प्रमाणपत्र राख्न, म्याद नाघेको औषाधि हप्तैपिच्छे कम्प्युटर प्राणलीबाट जाँच गर्न, म्याद गुज्रेका औषधि बिक्री नगर्न, बिक्री गर्ने ठाउँमा नराख्न, अनुमति नलिइ क्लिनिक सञ्चालन नगर्न निर्देशन दिएको छ ।

कतिपय औषधि पसलले दर्ता नवीकरणसमेत नगरेको पाइएकाले तत्काल दर्ता नवीकरण गर्न पनि निर्देशन दिएको छ ।

## कारागार र पशु स्वास्थ्य विधेयक समितिमा



**काठमाडौं/मस-** प्रतिनिधिसभाको बिहीबारको बैठकले दुई विधेयक दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाएको छ । बैठकले गृहमन्त्री रामबहादुर थापाले प्रस्तुत गरेको 'कारागार विधेयक, २०७६' र कृषि तथा पशुपक्षी विकासमन्त्री घनश्याम भुसालले प्रस्तुत गरेको 'पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६' दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसहमतिले स्वीकृत गरेको हो ।

यसैगरी बैठकले अर्थमन्त्री डा युवराज खतिवडाले प्रस्तुत गरेको 'धितोपत्रसम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ । बैठकले ' अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको महासन्धिअन्तर्गतको पालेर्मो अभिसन्धिलाई अनुमोदन गरियोस्' भन्ने प्रस्ताव पनि अनुमोदन गरेको छ। गृहमन्त्री थापाले प्रस्तुत गरेको उक्त प्रस्ताव बैठकले सर्वसम्मतिले अनुमोदन गरेको हो ।

कांग्रेस नेता शेर्माको निधनमा शोक प्रस्ताव

प्रतिनिधिसभाको बैठकले नेपाली कांग्रेसका तर्फबाट पाँचथर जिल्ला क्षेत्र नं १ बाट संविधानसभा निर्वाचनमा निर्वाचित सदस्य पूर्णकुमार शेर्माको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले सांसद शेर्माको निधनप्रति शोक प्रकट गर्दै प्रस्तुत गरेको प्रस्ताव बैठकले सर्वसम्मतिले पारित गरेको हो । पूर्वस्थानीय विकासमन्त्री शेर्माको मिर्गौला रोगको उपचारका क्रममा यही फागुन २८ गते ७६ वर्षका उमेरमा निधन भएको हो ।

विसं २०४८ मा कांग्रेसका तर्फबाट राष्ट्रियसभामा मनोनीत शेर्मा २०६४ सालमा संविधानसभा सदस्यमा निर्वाचित भएका थिए । बैठकमा उनीप्रति श्रद्धाञ्जलि अर्पण गर्दै एक मिनेट मौनधारण गरिएको थियो। प्रतिनिधिसभाको अर्को बैठक आगामी चैत ७ गते अपराह्न १ बजे बस्नेछ ।

## दुई लाख घुससहित पक्राउ



**काठमाडौं/मस-** कपिलवस्तु जिल्ला अदालतमा दोभाषेको रूपमा करारमा कार्यरत विश्वनाथ कुर्मी (चौधरी) २ लाख घुससहित पक्राउ परेका छन् । उनले ठगी मुद्दा सहजीकरण गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस मागेको उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धानको बुटवल कार्यालयले पक्राउ गरेको हो । सेवाग्राहीबाट घुस लिइसकेको अवस्थामा कपिलवस्तु नगरपालिका-१ स्थित महामाया प्रेस गौढीचोकबाट उनलाई बिहीबार नियन्त्रणमा लिइएको अख्तियारले जनाएको छ । उनीबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।


**मलेसियामा रोजगार** | कम्पनी: KDI INDUSTRIES SDN. BHD. शहर: MALAYSIA

पुर्व स्वीकृत मिति: २०७६/११/२९ चलानी नं.: ६०१५३३८८ LT. No.: 234935

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 20 | 0 | स. काममा दक्ष | 1200 | ३३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ७ गते (20 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blue Galaxy Overseas Pvt. Ltd.**
Gangabu-29, Kathmandu, Nepal., P. O. Box. No. 20773, Tel: 4388389
E-mail: galaxyoves@gmail.com, Web.:www.galaxyoverseas.com.np
Gov. Lic. No. 186/057/058


Mahabharat Rural Municipality Office
Office of Rural Municipal Executive
Devitar, Kavrepalanchowk

## Invitation for Bids

**First date of publication: 2076/11/30**

**Name of the Client: Office of Mahabharat Rural Municipality, Devitar, Kavrepalanchowk**

1. Office of Mahabharat Rural Municipality, Devitar, Kavrepalanchowk invites Sealed bids, from eligible bidders for the procurement of following items of works under National Competitive Bidding (NCB) procedures.

| Package No. | Procurement Method. | Contract Identification No. | Description of work | Estimated Amount(with VAT) | Bid Document Price (fee) (NRs.) non-refundable | Minimum Bid Security Amount & Bid Security Period |
|---|---|---|---|---|---|---|
| 1 | Sealed bid | WORKS/MRMO/076-77/09 | Construction of KabraKholsi Water Supply Project | 5752331.57 | 3000.00 | NRs. 145000 & 120 Days |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Office of Mahabharat Rural Municipality, Devitar, Kavre for any other inquiry , the bidders could contact in Email: ito.mahabharatmun@gmail.com within office hours.
3. A complete set of bidding documents in English may be purchased on or before 30th days from the first date of publication, from the Office of Mahabharat Rural Municipality, Devitar, Kavrepalanchowk.
4. Sealed Bids must be submitted to Office of Mahabharat Rural Municipality, Devitar, Kavre,on or before 12:00 hour's noon on 31 days from first publication date.
5. Sealed Bids shall be valid for a period of 90 days after the deadline of bid submission. All sealed bidsmust be accompanied by a bid security of amount and bid security period as mentioned above, Bids will be evaluated on the basis of the package.
6. Bank Guarantee issued by any finance company in any form will not be accepted.
7. Sealed Bids received after the deadline of the submission will be rejected. Bids received by the above mentioned deadline shall be opened physically in the presence of the Bidders representatives who choose to attend at the address above at 13:00 Hours on 31 days from the first date of publication.
8. If the last day for purchasing and submission falls on a government holiday then the next working day shall be considered as the last day.
9. Sealed bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Noncompliance with this instruction shall result in disqualification.
10. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
11. For further query, please contact following addresses:
Office of Mahabharat Rural Municipality, Devitar, Kavrepalanchowk
Email: ito.mahabharatmun@gmail.com
12. Bidder should furnish of bid security amount at deposit account no 0930536214703001(DharautiKhata) of Mahabharat Rural Municipality,in Sunrise Bank of Mahabharat Branch,Kavre.

**Chief Administrative Officer**


**मलेसियामा रोजगारको अवसर** | कम्पनी : BOLD DISENO SDN BHD शहर: PATALING

पुर्व स्वीकृत मिति: २०७६/१०/२३ चलानी नं.: ६०१५१३०३ L.T. No.: 232594 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 7 | 0 | स. काममा दक्ष | 1200 | ३३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ७ गते (20 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ईभ नेपाल ओभरसिज प्रा.लि.**
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्स:: ४६२२४३६



**UAE मा महिला/पुरुषहरुलाई रोजगारको अवसर**

Al Noor Al Kafef Maint General Cleaning Co-Sole Proprietorship LLC

पुन: विज्ञापन | पूर्व स्वीकृती मिति: २०७६/०९/२४ चलानी नं. ६०१४९८३८ LT# 230705

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 8 | 8 | काममा दक्ष | 1000 | ३१,२६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | साउदीको हकमा भिसा स्ट्याम्पिङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७६ चैत्र ७ गते (20 March) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**GLOBAL TALENT MANPOWER PVT. LTD.** Lic. No. 1125/073/74
Samakhushi, Townplaning, Kathmandu, Nepal, Ph: 4382823, 4365003



**कतारमा रोजगारको अवसर** | कम्पनी : TADMUR ROOFS & POOLS WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/२९ चलानी नं.: ६०१५३३५८ LT. No.: 234750

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1700 | ५४,८६० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ७ गते (20 March 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Gulf Asia Manpower Pvt. Ltd.**
Battisputali, Gausala-09, Kathmandu, Nepal
Phone: 01-4495065, Email : cvgulfasia78@gmail.com
Govt. Lic. No. 1278/074/075



**मलेसियामा रोजगार** | कम्पनी : STANDARD COATING (M) SDN BHD शहर : PERAI

पूर्व स्वीकृत मिति: २०७६/११/२९ चलानी नं.: ६०१५३३९१ LT. No.: 234929

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 12 | 0 | स. काममा दक्ष | 1200 | ३३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ७ गते (20 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Gov. lic. No. 793/065/66

# कोरोना फैलिन नदिन प्रदेश ५ मा पूर्वतयारी

**रुपन्देही/मस-** कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिन नदिन प्रदेश नं ५ मा पूर्वतयारी थालिएको छ । प्रदेशमा अहिलेसम्म यो रोग देखा नपरे भएपनि उच्च जोखिममा रहेको हुँदा यसको नियन्त्रणका लागि पूर्वतयारी थालिएको हो । प्रदेशका सीमा नाकाबाट भित्रिने र बाहिर जाने अन्य मुलुकका सवारी साधनलाई प्रवेशमा रोक लगाउने तयारी गरिएको छ । खुला सीमा भएका कारण कोरोना भाइरसको सङ्क्रमणको जोखिम बढेपछि सरकारले यस्तो तयारी गरेको हो ।

यस्तै सीमा नाकामा राखिएका 'हेल्पडेस्क'लाई थप प्रभावकारी बनाउने र विदेशबाट आउने यात्रुलाई उच्च निगरानीमा राखी स्वास्थ्य परीक्षण गरी मात्र पठाउने व्यवस्थासमेत मिलाइएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । यदि कोही यात्रुमा संक्रमणको शंका लागेमा त्यहाँबाट सोझै अस्पताल पुऱ्याउने व्यवस्था छ । एम्बुलेन्स पनि तयारी अवस्थामा राखिएको स्वास्थ्य निर्देशनालयले जनाएको छ। प्रदेशका चार जिल्ला अस्पतालमा 'आइसोलेसन वार्ड' बनाएर उपचारको व्यवस्था मिलाइएको छ।

चीनबाट शुरु भएको कोरना भाइरस विश्वव्यापी फैलिएपछि संघीय सरकारले जोखिम बढ्न नदिनका लागि सावधानी अपनाएको र सबैमा सचेत रहन आग्रह गरेका कारण प्रदेशमा पनि तयारी गरिएको सामाजिक विकासमन्त्री सुदर्शन बरालले बताए । 'आवश्यक परेको समयमा खाली हुने गरी अस्पतालमा श्ययाको व्यवस्था गरिएको र फोकल पर्सनसमेत तोकिएको छ,' उनले भने, 'संक्रमण फैलिएमा आवश्यक विशेष सामग्री तयारी अवस्थामा राखेका छौं ।'

फागुन २६ गते विपद् व्यवस्थापन समितिको बैठक बसेर कोरोना भाइरसको सम्भावित संक्रमण नियन्त्रण गर्न र निम्तन सक्ने विपद् व्यवस्थापनका लागि प्रदेशका विभिन्न स्थानमा क्वारेन्टाइनको उपयुक्त स्थान पहिचान गरी सुरक्षा निकायको समन्वयमा सामाजिक विकास मन्त्रालयले आवश्यक तयारी गर्ने निर्णय भएपछि सोहीअनुसार काम अगाडि बढाइएको मन्त्री बरालले बताए ।

विभिन्न जिल्लामा बैठक बसेर सम्भावित जोखिम न्यूनीकरणका लागि छलफल गरिएको छ । कपिलवस्तुमा सीमा नाकामा निगरानीका साथै मिडियामार्फत सचेतनाको कार्यक्रम सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी दीर्घनारायण पौडेलले बताए ।

रुपन्देहीका सीमा क्षेत्रमा पनि निगरानी बढाइएको छ। रुपन्देहीमा सीमा नाकामा दुई हजार ५९१ जनालाई स्क्रिनिङ टेस्ट गरिएको प्रमुख जिल्ला अधिकारी महादेव पन्थले जानकारी दिए । प्रदेशका स्थानीय तहले पनि नागरिकमा सचेतना कार्यक्रम सञ्चालन गरेका छन्। विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन, समुदायमा माइकिङ र पर्चा वितरण गरेर कोरोना भाइरसको संक्रमणबारे जानकारी गराएको तिलोत्तमा नगपालिकाका प्रमुख वासुदेव घिमिरेले बताए ।

'कोरोना भाइरस'बाट हुने सम्भावित जोखिमलाई मध्यनजर गर्दै प्रदेशमा पूर्वसावधानी अपनाउन मुख्यमन्त्री शंकर पोखरेलले सम्बन्धित मन्त्रालयलाई निर्देशनसमेत दिएका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार आयोजित पूर्वतयारी बैठकमा उनले प्रदेशमा समेत सबै अस्पताललाई सतर्क अवस्थामा रहन र 'आइसोलेसन वार्ड'बनाएर उपचारको व्यवस्था मिलाउन निर्देशन दिए। मुख्यमन्त्री पोखरेलले प्रदेशका सीमा नाकाबाट बाहिरिने र भित्रिने अन्य मुलुकका सवारीसाधनलाई प्रवेशमा रोक लगाउनसमेत मातहतका कार्यालयलाई निर्देशन दिए ।



'जहाँ भीडभाड हुन्छ, यस्तो ठाउँमा तुरुन्तै बन्देज लगाउनुपऱ्यो,' मुख्यमन्त्री पोखरेलले भने, 'परिवारभन्दा बाहिर जमघट नगरौं ।' कोरोना भाइरसको संक्रमण फैलिन नदिन भीडभाडबाट जोगिन आवश्यक रहेको उनको भनाइ छ । 'ज्वरो आउने, रुघाखोकी लाग्ने, घाटी दुख्नेजस्ता लक्षण देखापरे स्वास्थ्य संस्थामा जचाउन आग्रह गर्दै अहिलेसम्म कुनै असर देखिएको छैन, देखिइहालेमा पूर्वतयारी गरेका छौं,' उनले भने । कोरोनाको संक्रमण भएपछि ज्वरो आउने त्यसपछि सुक्खा खोकी लाग्ने केही हप्तापछि श्वास फेर्न गाह्रो हुनेजस्ता लक्षण देखिने स्वास्थ्य निर्देशनलायका निर्देशक विनोदकुमार गिरीले बताए ।

# सभापति देउवाद्वारा शेर्माका निधनप्रति दु:ख व्यक्त

**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका पूर्वकेन्द्रीय सदस्य एवं पूर्वस्थानीय विकासमन्त्री पूर्णकुमार शेर्मा (लिम्बू)को निधनप्रति दु:ख व्यक्त गरेका छन् । नेता शेर्माको यही फागुन २८ गते ललितपुरको निदान अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।

सभापति देउवाले बिहीबार एक शोक वक्तव्यमार्फत उनीप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका छन् । नेता शेर्माको निधनले अत्यन्त दु:खित र स्तब्ध बनाएको उल्लेख गर्दै सभापति देउवाले शेर्माले नेपालको प्रजातान्त्रिक आन्दोलन तथा कांग्रेसको संगठनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका छन् । साथै सभापति देउवाले उनको निधनबाट पार्टीले एक निष्ठावान् नेतृत्व गुमाएको र पार्टीलाई अपूरणीय क्षति पुगेको उल्लेख गरेका छन् ।

शेर्मा विसं २०३६ को जनमत सङ्ग्रहमा बहुदल प्रचारप्रसार समिति पाँचथरको अध्यक्ष र भूपूसांसद गणेशप्रसाद रिजालको सभापतित्वमा रहेको कांग्रेस जिल्ला कार्यसमिति पाँचथरको उपसभापति थिए । उनी विसं २०४८ असार १२ गते राष्ट्रियसभाको सांसद भएका थिए।

पार्टीको दशौं (२०५७) र एघारौं महाधिवेशन (२०६२) मा कांग्रेस जिल्ला कार्यसमिति पाँचथरको सभापति रहेका शेर्मा दुईपटक कांग्रेस केन्द्रीय सदस्य भएका थिए। विसं २०४२ को सत्याग्रहमा काठमाडौंमा पक्राउ परी झापा चन्द्रगढी जेलमा छ महिना जेल जीवन बिताउनुभएका स्व शेर्मा २०४६ मा प्रजातन्त्र बहालीका लागि भएको ऐतिहासिक आन्दोलन अघि र त्यसपछिका आन्दोलनका क्रममा पटकपटक प्रहरी हिरासत र जेलजीवन बिताएको पार्टी कार्यालयले जनाएको छ ।

पाँचथरको साराङडाँडा–७ निगालेमा विसं २००० असोज १२ गते जन्मिएका शेर्माका पत्नी, दुई छोरा र पाँच छोरी छन् । उनको पार्थिव शरीर शुक्रबार बिहान ९:०० देखि ११:०० बजेसम्म पार्टीको केन्द्रीय कार्यालयमा श्रद्धाञ्जलिका लागि राखिने कांग्रेस मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

# मुआब्जा रकम नपाउँदा पशुपतिको प्राचीन जात्रा अन्योलमा

**काठमाडौं/मस-** प्राचीनकालदेखि पशुपति क्षेत्रमा सञ्चालन हुँदै आएको देशोद्वार पूजा एवं जात्रा चलाउने गुठीका धनीलाई जग्गा अधिग्रहण गरेवापत मुआब्जा नदिँदा यस वर्षको जात्रा अन्योलमा परेको छ ।

पशुपति क्षेत्र विकास कोषले विसं २०७२ मा करिब २०० वर्षअघि स्थापना भएको निजी गुठीको जग्गा अधिग्रहण गर्न मोहीलाई मुआब्जा दिए पनि देशोद्वार पूजा सञ्चालन गर्ने गुठीलाई १३ रोपनी जग्गाको मुआब्जा नदिएको गुठियारको गुनासो छ । कोषले ३४ मोहीलाई मुआब्जा दिई देशोद्वार पूजा एवं जात्रा सञ्चालन गर्ने गुठीलाई करिब रु ३० करोड नदिएर प्राचीन संस्कृति मास्न खोजेको गुठियार जलद वैद्यले गुनासो गरे ।

चैत्र कृष्ण अष्टमी अर्थात् चैत ४ गतेदेखि शुरु हुनुपर्ने जात्राको पैसा नपाएका कारण यस वर्ष जात्रा चल्ने वा नचल्ने निश्चित छैन । गुठीले पाउनुपर्ने मुआब्जाको जग्गाको पैसामा कोषले गुठी दर्ता, स्थायी लेखा नम्वर (प्यान), बैंक खाता खोले दिन्छु भनी शर्त राखेकामा सबै प्रक्रिया पूरा गरिसक्दा पनि नदिएको गुठियार एवं काठमाडौं महानगरपालिका-८ का पूर्वअध्यक्ष सुवर्ण वैद्यले जानकारी दिए ।

कोषकै नाममा मुआब्जा रकम राखेर वार्षिकरूपमा प्राप्त हुने ब्याजले जात्रा चलाऊ भन्ने प्रस्ताव नमानी गुठियारले बैठकसमेत बहिष्कार गरेको पनि उनले बताए । पशुपति क्षेत्रको संस्कृति बचाएर समुचित विकास गर्ने लक्ष्यका साथ स्थापना भएको कोषले प्राचीन मौलिक जात्रा मास्न लागेको भन्दै गुठियार क्रुद्ध भएका छन् ।

गुठियार छत्रानन्द वैद्य कोषका केही कर्मचारीले स्वार्थसिद्धिका लागि पदाधिकारीलाई गलत कामका लागि उक्साउने गरेको बताउँछन् । यस्तो उक्साहटबाट पशुपति क्षेत्रका मौलिक जात्रालगायत पर्व मासिन लागेको उनको दुखेसो छ । कोष सञ्चालक परिषद्मा विषय प्रवेश भइसकेकाले निर्णय गरेर कानूनसम्मतरूपमा दिने विषयमा छलफल भइरहेको कोषका प्रशासकीय अधिकृत गौरीशंकर पराजुलीले राससलाई जानकारी दिए । वार्षिकरूपमा जात्रा चलाउन आवश्यक रकम दिएकाले कोषले धर्म संस्कृति नमास्ने बरु संरक्षण गरी प्रवर्द्धन गर्ने उनको भनाइ छ ।

देशोद्वार पूजा गरी चैत्र कृष्णपक्षमा जात्रा चलाउन करिब २०० वर्षअघि विश्वानन्द वैद्यले निजी गुठीका रुपमा पशुपति पारि तिलगंगाको १३ रोपनी जग्गा राखिदिएका थिए । यही जग्गाको आयस्तरले जात्रा चलाउने गरिएकामा पशुपति क्षेत्रको बृहत्तर विकासका लागि विसं २०७२ मा यो ठाउँ अधिग्रहण गरिएको हो ।


## हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. २०५०
माघ २९ गते

स्व. अर्जुन सापकोटा

स्वर्गारोहण
वि.स. २०७६
फागुन १८ गते

हाम्रा आत्मयि दाजु शेखरनाथ सापकोटाका जेष्ठ सुपुत्र तथा यस ओम ईन्टरनेशनल ह्युमन रिर्सोस प्रा.लि.का संचालक रबिन्द्र सापकोटा र जि.प्र.का. गुल्मीमा कार्यरत प्र.ना.नि रुद्र सापकोटाका भतिज अर्जुन सापकोटाको २६ बर्षको अल्पायुमै दुर्घटनामा परी असामयिक दु:खद निधन भएकोमा हामी अति मर्माहत भएका छौ। यस दु:खद निधन भएको आज १३औं दिनको पुण्य तिथिमा स्वर्गीय आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गरुन भनि भगवानसँग प्रार्थना गर्दछौ

ओम ईन्टरनेशनल ह्युमन रिर्सोस प्रा.लि.
परिवार
बसुन्धारा, काठमाडौं, नेपाल, फोन : ४३६३६४६



## साउदीमा रोजगार | कम्पनी: AL RIDWAN MODERN COMPANY FOR METAL PRODUCTIONS

शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७६/११/२९ | चलानी नं.: ६०१५३३५७ | LT. No.: 234848

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा चैत ७ गते (20 Mar. 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ई. पत्र नं. १०६२/०७३/०७४

**Nice Recruiting Agency Pvt. Ltd.**

Samakhusi-26, Kathmandu, Tel: 4385029, Mob.: 9840947873, 9847978491, 9851067361
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np



## मलेशियामा रोजगार | १. कम्पनी : TAIKI MANUFACTURING (MALAYSIA) SDN BHD

शहर : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/१०/१७ | चलानी नं.: ६०१५०९७६ | L.T. No.: 232084 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 0 | 30 | स. काममा दक्ष | 1200 | ३३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : POH KEONG INDUSTRIES SDN.BHD. | शहर : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ | चलानी नं.: ६०१५००८९ | L.T. No.: 231107 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1100 | ३०,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा चैत ७ गते (20 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic. No. 865/066/067

**RHYTHM OVERSEAS PVT. LTD.**

Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926, Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com



## UAE मा रोजगार | १. कम्पनी: SAJA LADIES SALOON

शहर : UAE

पूर्व स्वीकृत मिति: २०७६/११/२७ | चलानी नं.: ६०१५३३४० | L.T. No.: 234622

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 1 | | 1500 | ४७,९८५ | | | | | | | |

२. कम्पनी: AL SAMER GENERAL CLEANING | शहर : UAE

पूर्व स्वीकृत मिति: २०७६/११/२८ | चलानी नं.: ६०१५३३३८ | L.T. No.: 234540

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 15 | स. काममा दक्ष | 900 | २८,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SHAIKHA LADIES SALOON | शहर : UAE

पूर्व स्वीकृत मिति: २०७६/११/२८ | चलानी नं.: ६०१५३३३९ | L.T. No.: 234623

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Stylist | 0 | 3 | | 1500 | ४७,९८५ | | | | | | | |
| 3. | Body Massaeur | 0 | 1 | | 1500 | ४७,९८५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा चैत ७, ८, ९, १० र ११ गते (20, 21, 22, 23 & 14 March 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Om Overseas Employment Pvt. Ltd.**

Govt Lic. No. 1518/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5904466, 9803367450
9851199066, 9803325161, Email: omoverseas36@gmail.com



